# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष १ अङ्क ४६ | २०७४ जेठ ८ गते सोमबार | Monday, May 22, 2017 | पृष्ठ ८ | मूल्य रू. १०।-

## देजमो धरानको संयोजक गौरव राई

धरान । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल धरान नगर समितिको प्रथम भेलाले गौरव राईलाई अध्यक्षमा निर्वाचित गरेको छ । भेलाले राईको अध्यक्षतामा ९ सदस्यीय नगर समिति चयन गरेको हो । उक्त समितिको सचिवमा निर्मल बज्राचार्य र सदस्यहरुमा प्रतिज्ञा याख्खा, धिरन लिम्बु, निकिता राई, राम व.दर्नाल, सूर्य शंकर, सानु शेर्पा र संगिता राई रहेको धरानबाट हाम्रा संवाददाताले बताएका छन् ।

यसैबीच, भेलाले ५१ सदस्यीय चुनाव प्रचारप्रसार समिति समेत गठन गरेको छ । जसमा क्रान्तिकारी माओवादीका नेताहरु एकराज कोईराला, प्रमिला नेङ्गवाङ्ग, पारस सुब्वा र पार्टीका धरान नगर संयोजक पेमा लामाको नेतृत्वमा प्रचार प्रसार समितिको संयोजन गौरव राईले गर्ने निर्णय गरिएको छ ।

देजमोका केन्द्रीय सचिवालय सदस्य तथा कोचिला राज्य संयोजक मनोज श्रेष्ठको प्रमुख आतिथ्यमा तथा गौरव राईको अध्यक्षतामा सम्पन्न भएको उक्त भेलामा सुनसरी जिल्ला संयोजक पशुपति आचार्य, पार्टीका केन्द्रीय ... बाँकी ८ पेजमा

# स्थानीय सत्ता संसदवादीहरूको हातमा

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । ३१ बैशाखमा सम्पन्न स्थानीय तहको पहिलो चरणको निर्वाचन परिणामले स्थानीय सत्ता संसदवादीहरुको हातमा पुऱ्याएको छ । संसदभन्दा बाहिरका दलहरुलाई खासगरी नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नयाँ शक्ति नेपाल लगायतका दलहरुलाई दलीय चुनाव चिन्ह नदिई नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको तीन दलीय अधिनायकवादी वर्चस्व लादेर गरिएको चुनावमा उनीहरुले अनेक जालझेल, षड्यन्त्र, तिकडमहरुको प्रयोग गरी चुनावी परिणामलाई प्रभावित तुल्याउन खोजे । सत्तारुढ कांग्रेस-माके र प्रतिपक्षी एमालेले चुनावी परिणामलाई आफ्नो पक्षमा पार्न कुनै कसर बाँकी राखेनन् । उनीहरुले चुनावमा साम, दाम, दण्ड, भेद सबै अस्त्रको प्रयोग गरेका घटनाक्रमहरु सार्वजनिक पनि भए । दोलखा, काभ्रे, सिन्धुपाल्चोक, पोखरालगायतका क्षेत्रमा भोट किन्न पैसा बाँड्नेदेखि बुथ कब्जा गर्ने र एकअर्काका कार्यकर्ताहरुको हत्या गर्ने सम्मका घटनाक्रमहरु घटे । मतपेटिकामा खसेको भन्दा बढी मत देखिनुले मतपेटिका नै रातारात साटिएको आशंका उम्मेदवारहरुले नै गरेका छन् । पोखरा र चितवनमा मतपेटिका नै साटासाट गरिएको हुन सक्ने आशंका उब्जाएको भरतपुर महानगरको तर्फबाट मेयरकी उम्मेदवार अम्बिका मुडभरीले दावी गरेकी छिन् । माओवादी केन्द्रको तर्फबाट मेयरकी उम्मेदवार बनेकी रेणु दाहाललाई जसरी पनि जिताउन लागिपरेका प्रधानमन्त्री समेत रहेका प्रचण्डले कांग्रेससँग अपवित्र तालमेल गर्नेदेखि आफैले घरदैलो समेत गरेका थिए । मतगणना भइरहेको समयमा समेत



चितवन पुगेका प्रचण्डले छोरीलाई जिताउन सबै अस्त्र प्रयोग गरेका छन् ।

नातावाद, कृपावादको भद्दा नमूना प्रदर्शन गर्दै यसपटकको स्थानीय तहको निर्वाचनमा कांग्रेस-माके, एमाले-राप्रपाले बीचमा गरिएको चुनावी तालमेलले उनीहरुबीचमा विचार/सिद्धान्त, नैतिकता र मूल्यको राजनीतिको कुनै अर्थ नरहेको प्रष्ट पारेको छ । नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति पारित गर्दै यी दलहरुको विषयमा गरेको विश्लेषण सही सावित भएको छ । क्रान्तिकारी माओवादीले राप्रमा, कांग्रेस, एमाले र माओवादी केन्द्रलाई एउटै कित्ता (प्रतिक्रियावादी संसदवादी) कित्तामा राख्दै उनीहरुबीचमा राजनीतिक भेद मेटिंदै गएको विश्लेषण गरेको थियो । विगतमा दशवर्ष जनयुद्धको नेतृत्व गर्दैगर्दा कांग्रेस, राप्रपालाई वर्गदुश्मन मान्ने माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्डहरुका लागि कांग्रेसीजनहरु सबैभन्दा नजिकको मित्र शक्ति बन्न पुगेका छन् । उनले पहिलोपटक कांग्रेसको चुनाव चिन्ह रुखमा मतदान गरेर यसको पुष्टि गरे ।

प्रचण्डले आफ्नो पार्टीको प्रतिस्पर्धी ठानेर मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र नयाँ शक्तिलाई चुनाव चिन्हसहित निर्वाचनमा भाग लिन निर्वाचन कानुन नै बनाएर प्रतिबन्ध लगाए । यसलाई देजमोका अध्यक्ष समेत रहेका क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सीपी गजुरेलले चुनाव नहुँदै प्रचण्डले गरेको धाँधलीको रूपमा व्याख्या गरेका छन् । तर उनले जे जति जालझेल र षड्यन्त्र गरेपनि अपेक्षित परिणाम हात लाग्न सकेन । वर्गीय र राष्ट्रिय रूपमा प्रचण्डहरुले आत्मसमर्पण गरेपछिको परिणामको रूपमा राजनीतिक विश्लेषकहरुले व्याख्या गरेका छन् । कांग्रेस एमालेहरुले सयभन्दा माथि स्थानीय तहमा बर्चस्व स्थापित गर्दै गर्दा ५० नघाउन नसकेका माओवादी केन्द्रका नेताहरु यसलाई अपेक्षित परिणाम मान्न विवश छन् ।

स्थानीय सत्ता ... बाँकी ७ पेजमा

## संविधान संशोधन र महाअभियोगको प्रस्ताव फिर्ताको तयारी

### संविधान संशोधन नभएमा राजमोका अघि दुई विकल्प

● वर्गदृष्टि समाचारदाता

सरकारले संसदको अघिल्लो अधिवेशनमा पेश गरेको संविधान संशोधन विधेयक र प्रधानन्यायधीसमाथि महाअभियोगको प्रस्ताव फिर्ता लिने मनस्थिति बनाइको छ । सरकारले स्थानीय तहको निर्वाचनपछि मात्रै संविधान संशोधन प्रस्ताव अघि बढाउने सरकारले तयारी गरेको हो ।

संविधान संशोधनका विषयमा दलहरुबीच हालसम्म पनि सहमति बन्न नसक्दा दुई तिहाई पुग्ने नदेखिएपछि सरकार यसबाट पछि हट्ने तयारी भएको हो । संविधान संशोधनको माग गर्दै लामो समयदेखि आन्दोलनमा रहेको मधेसी मोर्चा आबद्ध पार्टीहरु एक भएर बनेको राष्ट्रिय जनता पार्टी भने निर्वाचन अघि संविधान संशोधन हुनुपर्ने अडानमा रहँदै आएको छ ।

सो पार्टीले संविधान संशोधन नगरी हुने स्थानीय निर्वाचनमा सहभागी नहुने भन्दै पहिलो चरणमा समेत निर्वाचनमा सहभागिता जनाएको थिएन । मधेस केन्द्रित दलको प्रभाव रहेको दुई नम्बर प्रदेशमा आगामी जेठ ३१ गते स्थानीय तहको निर्वाचन हुँदैछ। संविधान संशोधन र महाअभियोगको दुवै प्रस्ताव तत्काल सरकारले अघि बढाउन नसक्ने भएपछि मोर्चा थप समस्यामा परेको छ ।

प्रहरी प्रमुख नियुक्तिको विषयलाई लिएर सरकार र न्यायपालिकाबीचको क्षेत्राधिकारको विवाद चरम अवस्थामा पुगेका बेला सरकार आफैं पछि हट्ने मनस्थितिमा पुगेको स्रोतले जनाएको छ । प्रधानन्यायधीस सुशीला कार्कीले समेत आगामी महिना अवकास पाउने अवस्थामा त्यो विवाद नलब्याउने सरकारको तयारी छ । केही दिनअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै महाअभियोगबारे समझदारीबाट जानुपर्छ भन्नेमा सरकार रहेको भन्दै फिर्ता लिने या त्यसलाई निष्क्रिय बनाउने संकेत गरेका हुन् । उनले न्यायलयले समेत विषयलाई सझदारीबाट समाधान गर्ने सोचेको हुनसक्ने विश्वास व्यक्त गर्दै उनले सरकार पनि त्यसमा लचिलो हुने बताएका हुन् । प्रधानमन्त्रीको यो संकेतसँगै अदालत र संसदबीच लामो समयदेखि देखिएको क्षेत्राधिकारको विवाद रोकिने देखिएको हो । सत्तारुढ दलका सांसदले प्रधानन्यायधीसले क्षेत्राधिकार मिचेको भन्दै संसदमा ... बाँकी ८ पेजमा

# चौतर्फी घेराबन्दीका बीच देजमोका उम्मेदवारहरू विजयी

काठमाडौं । चौतर्फी घेराबन्दी र प्रतिकूलताबीच देजमोका उम्मेदवारहरू विजयी बनेका छन् । क्रान्तिकारी उपयोगको नीतिसहित निर्वाचनमा सहभागी बनेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूले स्वतन्त्र उम्मेदवारको हैसियतमा बाग्लुङ र काभ्रेमा विजय हासिल गरेका छन् । काभ्रेको रोशी गाउँपालिकाको वडा नं. ४ को मत परिणाम अनुसार देजमोका वडा अध्यक्ष पदका उम्मेदवार तेजबहादुर रानामगर प्यानसहित विजयी बनेका छन् । उनले माओवादी केन्द्रका उम्मेदवार भगवान तामाङलाई २१ मत अन्तरले पराजित गरेका हुन् ।

त्यसैगरी देजमो केन्द्रीय कार्यालय



स्रोतले दिएको जानकारी अनुसार बाग्लुङको ढोरपाटन नगरपालिका वडा नं. ३ मा देजमोका अध्यक्षका उम्मेदवार हेमेन्द्र घर्तीमगर विजयी बनेका छन् । उनले राष्ट्रिय जनमोर्चाका उम्मेदवार नरबहादुर विकलाई २५ मत अन्तरले पराजित गरे ।

दलीय चुनाव चिन्ह नदिनु, मनोनयन दर्ता गरेको दुई दिनपछि मात्र चुनाव चिन्ह दिनु, चुनाव चिन्हका बारेमा मतदातालाई जानकारी गराउन तथा प्रचार प्रसार गर्न समय अभाव हुनु, उम्मेदवारै पिच्छे फरक फरक चुनाव चिन्ह हुनु, चरम आर्थिक अभावका कारण मतदाताहरूको घरसम्म जान नसक्नु, प्रचार प्रसारलाई व्यवस्थित गर्न नसक्नु, समर्थक ... बाँकी ८ पेजमा

# 'देश बचाउने अभिभारा क्रान्तिकारी युवाहरूको काँधमा'

इटहरी । क्रान्तिकारी युवा लिग सुनसरीको जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले स्थानीय तहको निर्वाचनबाट फेरि पनि देश दलालहरूकै हातमा गएको भन्दै देश बचाउने अभिभारा क्रान्तिकारी युवाहरूको काँधका आएको बताएका छन् ।

शनिबार आयोजित लिगको सम्मेलनमा प्रमुख अतिथिको आसनबाट बोल्दै अध्यक्ष किरणले राष्ट्रियता, जनतन्त्र र ... बाँकी ७ पेजमा



## अमेरिका र साउदीबीच हतियार सम्झौता



एजेन्सी । विश्वकै सबैभन्दा धेरै हतियार कारोबार गर्ने मुलुक अमेरिकाले साउदी अरबसँग अहिलेसम्मकै सबैभन्दा ठूलो हतियार कारोबार सम्झौता गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको साउदी अरब भ्रमणका क्रममा १ सय १० अरब डलरको हतियार सम्झौता भएको हो । ह्वाइट हाउसले साउदीसँगको हतियार सम्झौता एकै पटकमा गरिएको अहिलेसम्मकै ठूलो भएको जनाएको छ ।

दुई मुलुकबीच हतियार सहित विभिन्न विषयमा ... बाँकी ७ पेजमा

# स्थानीय तहको प्रथम चरणको निर्वाचन, त्यसको क्रान्तिकारी उपयोग र आगामी कार्यदिशा

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट एवम् समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यही २०७४ वैशाख ३१ गते सम्पन्न भएको स्थानीय तहको प्रथम चरणको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति अनुसार त्यसमा सहभागिता जनाएको थियो । देशको वर्तमान राजनीतिक परिस्थितिको समग्र मूल्यांकन गरेर तत्कालीन अवस्थामा क्रान्तिकारी आन्दोलन उभारमा नभएर उतारको अवस्थाबाट गुज्रिरहेकाले क्रान्तिकारी आन्दोलनलाई पुनः संगठित गरेर अगाडि बढाउनका लागि व्यापक जनसमुदायबीचमा गएर संगठन विस्तारका साथै प्रतिगामी प्रतिक्रियावादी र प्रतिक्रियावादी

**समय अभावका कारणले छोटो तयारी र कतिपय व्यवहारिक कठिनाईहरूका बाबजुद पनि देशभक्त जनगणतान्त्रिक मोर्चाका सबै तहका नेतृत्व र कार्यकर्तापंक्तिले संगठनको नीतिलाई आत्मसाथ गर्दै उत्साहपूर्ण ढंगले व्यवहारमा कार्यान्वयन गर्न संघर्षको मैदानमा सम्पूर्णरूपले उत्रेर र संगठनको नीति र कार्यक्रम व्यापक जनसमुदायसमक्ष पुऱ्याउन सफल भए ।**



● परि थापा

उन्मुख तत्वहरूको भण्डाफोर गर्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा संघर्ष गर्न र उठाउनका लागि त्यस्तो नीति अपनाएको थियो । समय अभावका कारणले छोटो तयारी र कतिपय व्यवहारिक कठिनाइहरूका बाबजुद पनि देशभक्त जनगणतान्त्रिक मोर्चाका सबै तहका नेतृत्व र कार्यकर्तापंक्तिले संगठनको नीतिलाई आत्मसाथ गर्दै उत्साहपूर्ण ढंगले व्यवहारमा कार्यान्वयन गर्न संघर्षको मैदानमा सम्पूर्णरूपले उत्रेर र संगठनको नीति र कार्यक्रम व्यापक जनसमुदायसमक्ष पुऱ्याउन सफल भए । त्यसरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले लिएको स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति सही थियो भन्ने कुरा स्पष्टताका साथ प्रमाणित भएको छ ।

हाम्रो संगठनले स्थानीय तह निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति तय गरेपछि हाम्रो अगाडि विभिन्न समस्या र चुनौतीहरू उपस्थित थिए । त्यस्ता समस्या र चुनौतीहरूका सम्बन्धमा । ... बाँकी ७ पेजमा

## सम्पादकीय

# जनमतको जनादेश

वर्तमान राज्यव्यवस्था श्रमजीवी जनताको नजरबाट हेर्दा प्रतिक्रियावादी संसदीय व्यवस्था हो । संसदीय व्यवस्थामा गरिने निर्वाचनको मत परिणाम जहिले पनि सत्ता, शक्तिको दुरूपयोग, जालझेल, षड्यन्त्र र साम, दाम, दण्ड, भेदबाट प्रभावित हुने गरेको छ। ३१ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको पहिलो चरणको निर्वाचनमा पनि धेरै ठाउँमा धाँधली भयो। यहाँसम्म कि दलीय बर्चस्व स्थापित गराउन हत्या, हिंसा मच्चाउन समेत पछि परेनन् । काभ्रे, दोलखालगायतमा भएको हत्या यसै उद्देश्यबाट निर्देशित देखिन्छ।

संसदवादीहरूले खासगरी प्रचण्ड नेतृत्वको सरकारले बहुसंख्यक राजनीतिक पार्टीहरूलाई दलीय चुनाव चिन्हमा निर्वाचनमा भाग लिनबाट प्रतिबन्ध लगाएर चुनाव अघि नै धाँधली गरिसकेको थियो। संसद बाहिर रहेका ६८ दलले महिनौं दिनसम्म दलीय चुनाव चिन्हका लागि आन्दोलन गरे पनि प्रचण्ड नेतृत्वको सरकारले त्यसको कुनै सुनुवाई गरेन र निरंकुशता लादेर पहिलो चरणको चुनाव गरियो।

माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्डलाई डर थियो कि मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिले चुनावमा दलीय चुनाव चिन्हमा भाग लियो भने आफ्नो पार्टीका उम्मेदवारहरूको मत काटिन्छ र चुनाव हारिन्छ। यही विश्लेषणका आधारमा नै प्रचण्डले चुनावअघि नै राज्यलाई नै दुरूपयोग गरी धाँधली गरे। त्यतिले नपुगेर केन्द्रीयदेखि स्थानीय स्तरसम्म जहाँ जोसँग चुनावी तालमेल गर्दा चुनाव जित्न सकिन्छ त्यहीसँग तालमेल गर्दा पनि माओवादी केन्द्रले २८३ मा ५० तहको प्रमुख हात पार्न पनि निकै कठिन पऱ्यो। जितेका ठाउँमा पनि मत अन्तर असाध्यै कम देखियो। प्रदेश र संसदीय निर्वाचनमा त उसको हैसियत अझ ओरालो लाग्ने देखिन्छ। दोस्रो चरणमा पनि उसको हैसियत अझ खस्किने निश्चित छ। सत्ता, शक्तिको दुरूपयोग गर्दै अनेक जालझेल, षड्यन्त्र र तिकडम गर्दा पनि चुनावी परिणाम माके प्रतिकूल आउनुको मूल कारण भनेको उसले गरेको जनघात र राष्ट्रघात नै हो । दशवर्षे जनयुद्धको कालखण्डमा सहिदहरूलाई साँक्षी राखेर जनताबीचमा गरेका बाचाहरू तोड्दै वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणको बाटो हिडेपछि माओवादी केन्द्रप्रति जनतामा घृणा र तिरस्कार बढेर गएको छ।

पहिलो चरणको निर्वाचन परिणाम अनुसार एमाले पहिलो बनेको छ। उसले पाएको मत भनेको राष्ट्रिय स्वाधीनताका पक्षधर जनताहरूको मत हो । सामन्तवादमा आधारित महेन्द्रीय राष्ट्रवादको वकालत गरेपनि भारतीय हस्तक्षेप नाङ्गो रूपमा बढिरहेको अवस्थामा एमालेलाई राष्ट्रवादी जनताले साथ दिएका छन्। विगतमा महाकाली सन्धिलगायत राष्ट्रघाती सन्धि सम्झौतामा अग्रणी भूमिका खेलेको एमाले राष्ट्रवादको नारामा कति टिक्ने हो, जनताले हेरिरहेका छन् । तर एमाले जत्तिको पनि राष्ट्रवादी छवि बनाउने हैसियत गुमाउन पुगेको माओवादी केन्द्रलाई प्रभूहरूको आशिर्वाद्ले मात्र रक्षा गर्ने देखिएन।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा अडान राख्ने पार्टी नै जनताको रोजाइमा पर्दै आएका छन्। र यसपटकको जनमतको जनादेश पनि त्यही हो । तर संसदवादीहरूले त्यसलाई सम्मान गर्न सक्ने छैनन्। यो वा त्यो रूपमा भारतीय विस्तारवादको दलालीमा त्यो जनमतको जनादेशलाई घात गर्नेछन् । जनताले त्यसबेला खोज्नेछन् वैकल्पिक राजनीतिक शक्ति, क्रान्तिकारी राजनीतिक शक्ति ।

चौतर्फी घेराबन्दी, समयको अभाव, दलीय चुनावचिन्ह नहुँदा पनि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूले पहिलो चरणको चुनावमा पाएको मतलाई कम आँक्न मिल्दैन। थोरै भएपनि त्यो गुणात्मक मत हो । त्यो मतलाई स्थानीय स्तरमा फैलाउने कार्ययोजना लिएर देजमोका उम्मेदवारहरू स्थानीय जनताका बीचमा जमेर काम गर्न जरुरी छ।

जनता परिवर्तन चाहन्छन् । संसदवादीहरूले छरेको भ्रममा अब जनता धेरैदिन टिक्नसक्ने देखिन्न । स्थानीय निकायमा निर्वाचित उनीहरूको दिनगन्ती सुरु भइसक्यो र अग्नीपरीक्षा पनि । यही प्रतिक्रियावादी संसदीय व्यवस्थान्तर्गतको स्थानीय तह भएकोले यो व्यवस्थान्तर्गतका माथिल्ला निकायमा भएका भ्रष्टाचार, कमिसन, अनियमिततालगायत जनघाती संस्कार र प्रवृत्तिलाई नै स्थानीय तहसम्म विस्तारित गर्ने र संस्थागत गर्ने देखिन्छ । त्यसका विरुद्ध उठ्न र पहलकदमी लिन क्रान्तिकारीहरू सचेततापूर्वक अगाडि बढ्न आवश्यक छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com


# स्थानीय निर्वाचनमा अपवित्र गठबन्धनको रहस्य



● दिनेश शर्मा ●

१. **विषय प्रवेश**

पूँजीवादी संसदीय राज्य वा व्यवस्थाको एउटा विषेशता भनेको जनतालाई व्याप्त मात्रामा भ्रम दिएर सत्ता संचालन गर्नु हो । त्यसैको एउटा तरिका मध्य कथित निर्वाचनका नाममा साम, दाम, दण्ड, भेद प्रयोग गर्नु र भ्रष्ट, दलालहरूलाई सरकारका विभिन्न निकायमा पुऱ्याएर शोषणमूलक, उत्पीडनमूलक र विभेदीकरणलाई वैधानकता दिएर सत्ता चलाउनु हो । हाम्रो देशमा लामो समयसम्म जरा गाडेर बसेको सामन्तवादी सत्ताका विरुद्ध नेपाली जनताले संघर्ष गर्ने क्रममा कथित परिवर्तनका नाममा उही पुरानो संसदीय व्यवस्थाले आफ्नो ठाउँ सुरक्षित गऱ्यो। अन्ततः नयाँ तबरबाट शोषण, दमन र उत्पीडनलाई कायम राख्यो । यद्यपि क्रान्तिकारीहरूले जनतालाई सचेत बनाउने कुरा त्यतिबेला नगरेका होइनन्। तत्कालीन स्थितिमा सत्यलाई ग्रहण गर्न जनताको तात्कालीन चेतनामाथि उठ्न नसक्नु र क्रान्तिकारीहरूको आत्मगत शक्ति कमजोर हुनुजस्ता कारणहरूले संसदवादीहरूको भ्रम हावी बन्न पुग्यो । अन्ततः त्यसलाई चिर्न १६ वर्ष लाग्यो। दशवर्षको जनयुद्धको भिषण लडाईले त्यसलाई प्रमाणित गराई छाड्यो। त्यसैको जगमा उभिएर नेपाली जनताले पुनः ०६२/०६३ सालको जनआन्दोलनमा भाग लिए।

दशवर्षको जनयुद्ध र ०६२/०६३ सालको जनआन्दोलनले राजतन्त्रात्मक सामन्ती सत्तालाई समाप्त बनाउने काम त गऱ्यो तर सर्वहारा वर्गले चाहे जस्तो, उत्पीडित आदिवासी जनजातिहरूले चाहेजस्तो महिला, दलित, मधेशी, मुस्लीम र उत्पीडित क्षेत्रका जनताले चाहे जस्तो आमूल परिवर्तनको चाहना पूरा हुन सकेन। यी सबै समस्याहरूको समाधान भनेको मालेमावादको जगमा उभिएको सर्वहारा वर्गको पार्टीले मात्र गर्न सक्तछ। तर आज त्यो हुन सकेन। विडम्बना के भैदियो भने कांग्रेस, एमाले जस्ता यथास्थितिका पक्षधर दलाल पार्टीहरू र राप्रपाजस्ता पश्चगामी पार्टीहरू त छदै थिए । समाजलाई पश्चगमनतिर धकेल्न र यथास्थितिमा राखेर राष्ट्र र जनतालाई कमाजोर बनाउन उत्पीडनको जालोलाई मजबुद बनाउन सम्पूर्ण शक्ति लगाएकै थिए । दशवर्षसम्म जनयुद्धको मुख्य नेतृत्वमा रहेर भूमिका निर्वाह गर्दै आएका प्रचण्ड र बाबुरामजस्ता व्यक्तिहरू समेत मालेमावादका आधारभूत मूल्य, मान्यता विपरीत, वर्ग संघर्षको बाटो त्यागेर वर्ग समन्वयको पाटो अवलम्बन गर्न पुगे। मधेशमा मधेशवादी पार्टीहरू जन्मे। जसले गर्दा क्रान्तिकारी शक्ति, जसले आमूल परिवर्तन चाहेको छ, त्यो शक्ति कमजोर बन्न पुग्यो । जस्ले गर्दा आज राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरू आफ्नो भएभरको बल लगाएर जनताको त्याग, वीरता र वलिदानबाट प्राप्त सीमित अधिकार समेत सजिलैसँग समाप्त बनाउने कसतरमा छन्। त्यसैले त लोकतान्त्रिक गणतन्त्रको नाममा संसदमा उपस्थित बाहेकका पार्टीहरूलाई निर्वाचन चिन्ह नदिएर होस् या विदेशी शक्तिको आदेश मुताविक सत्ताको पावर प्रयोग गरेर होस्, आफूबाहेकका अन्य शक्तिहरू मुख्यतः क्रान्तिकारीहरूको आवाजलाई कल्चने चेस्टा गरिरहेका छन्। सरकारमा रहेका र सरकारमा जानका निमित्त खुट्टा उचालेर बसेका दलालहरू कतिसम्म गर्छन् भन्ने कुराको व्यवहारिक रूप अहिलेको स्थानीय निर्वाचनमा उनीहरूले गरेका गठबन्धनबाट प्रष्ट देख्न सकिन्छ । सर्वहारा वर्गीय विचार र आदेशलाई तिलान्जली दिएपछि व्यवहारमा जे पनि गर्न तयार हुन्छन् भन्ने कुराको नाङ्गो र भद्दा नमूना भन्दा बढी के हुन सक्छ ?

२. **अनैतिक गठबन्धनको भद्दा नमूना**

अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको आड, भरोसा र हरप्रकारका सहयोग स्वयम् दलाल पार्टीहरूलाई छदै थियो । सत्ता हातमा भएका कारण सत्ताको शक्ति र पैसाको चलखेल काफी मात्रामा नहुने प्रश्नै भएन। यति हुँदा हुँदै पनि संसदीय दलाल पार्टीहरू आफैले घोषणा गरेको निर्वाचनमा यति धेरै किन डराए ? जसले गर्दा सत्तामा रहँदा रहँदै पनि अनैतिक गठबन्धनमा लिप्त हुन पुगे । (१) विदेशी प्रभूहरूको योजनाअनुरूप आफ्ना भरपर्दा दलालहरूको सत्ता गठबन्धनलाई निरन्तरता दिईराख्न जसलाई जिताउनु पर्ने हो, त्यो पूरा गर्न। (२) सत्तामा बसेर आफूले गरेको राष्ट्रघात र जनघातका कारण जनताले भोट दिदैनन् र आफू सत्तामा रहन सकिदैन भन्ने डर लागेर बा अन्य भनेर जनताप्रतिको अविश्वासका कारण (३) वैचारिक विचलन भएपछि स्वभाविक रूपमा व्यवहारमा त्यहाँ पुग्नै पर्थ्यो, त्यसैले (४) संसदवादी वुर्जुवाहरूको एउटा झुट्टो नमुना भनेको आफ्ना नाता, गोता र आसेपासेलाई जसरी पनि स्थापित गर्नुपर्ने भन्ने मूल मान्यता भएका कारण आदि आदि ।

दशवर्षको जनयुद्धको क्रममा जसले प्रधानमन्त्री भएका बेला बेल्जीयमसम्म पुगेर एम.१६ जस्तो आधुनिक हतियार खरिद गरेर स्वयम् शेरबहादुरले ल्याएका थिए र हजारौ होनाहार नेपाली आमाका छोराछोरीहरूको नरसंहार गरेका थिए, आज त्यही पार्टीका नेताहरूलाई जिताउन रुख चिन्हमा भोट हाले भनेर विभिन्न समाचारहरूमा सगौरव घोषणा गर्दा ती शहीद परिवार, बेपत्ता योद्धा परिवार र घाइते अपाङ्गहरूको मन कस्तो भयो होला ? आफूलाई हालेको मात्र होइन ति नै शहीद, बेपत्ता परिवार घाइते योद्धाहरूलाई समेत रुखमा भोट हाल्न फरमान जारी गरेर आफूभित्रको वैचारिक दरिद्रताको प्रदर्शन समेत गर्न भ्याए। शहीद, बेपत्ताका परिवार र घाइते योद्धाको मन कुडिने र दुख्ने मात्र होइन, जीवनको बाजी लगाएर दुश्मनसँग पौठेजोरी खेल्दै उच्च सहासको प्रदर्शन गर्ने पूर्व जनमुक्ति सेनाका योद्धाहरू, जसलाई स्वयम् प्रचण्ड समेतले अयोग्य ठहराएर विचल्ली बनाएका कारण अरबको मरुभूमिमा नरकीय जीवन विताउन बाध्य छन्, तिनीहरू समेतको मन कति अमिलो भयो होला ? हामी सबैले अनुमान गर्न सक्छौ । दशवर्षको जनयुद्धका क्रममा खान र बस्न दिएबापत घर जलाउँदै हिड्ने कांग्रेसीजनलाई जीताउन रुख छापमा भोट हाल्नुपर्ने बाध्यता हुँदा दशवर्ष अगाडि बन्दुकको कुन्दा र संगीनले घोचेको घाउ कति चहऱ्यायो होला ? साँच्चिकै मालेमावादका आधारभूत सिद्धान्तबाट पूरै विचलित भैनसकेका कार्यकर्ता र आफ्नो वर्गको मुक्तिको खोजी रहेका इमान्दार जनताको मन समेत कति तरंगीत भए होलान् । माके र कांग्रेसको अपवित्र गठबन्धनले वास्तवमा परिवर्तन चाहानेहरूप्रति एउटा गम्भीर प्रकारको प्रश्न खडा गरिदिएको छ।

माके र कांग्रेसको मात्र होइन, एमाले र राप्रपाका वीचको चुनावी गठबन्धन पनि त्यतिकै अपवित्र गठबन्धन नै देखियो । यद्यपि निर्वाचनको पहिलो चरणमा एमाले सबैभन्दा अगाडि र राप्रपा निकै पछाडि देखिएको छ। संसदीय व्यवस्थाभित्रको निर्वाचनमा जजस्को जुन स्थान भएता पनि सत्तामा रहेका र प्रमुख प्रतिपक्षमा रहेका पार्टीहरू वास्तवमा जनताप्रति विश्वस्त र उत्तरदायी होइन, बरु जनतालाई भ्रमित बनाएर कसरी सिट हात पार्न सकिन्छ भन्नेमा मात्रै जोड देखियो। आफ्ना पुराना मूल्य मान्यता सबैलाई तिलान्जली दिएको पाइयो। बरु यो अनैतिकताको पराकाष्ठामा इमान्दार कार्यकर्ता तथा जनता निकै लज्जित मात्र होइन, कतिपय अवस्थामा प्रतिवाद गरेको समेत पाइयो । घोर अनैतिक प्रकारको गठबन्धनको जनता स्वयम्ले प्रतिवाद गर्नु भनेको सकारात्मक पक्ष हो ।

३. **वर्तमान निर्वाचनलाई बुझ्ने प्रश्न :**

०४६ सालको जनआन्दोलनले पंचायति व्यवस्थाको ठाउँमा संसदीय व्यवस्था स्थापना गर्नुका साथै सोही अनुसारको संविधान बनायो । संसदीय पार्टीहरूले संविधानलाई विश्वको सबैभन्दा उत्कृष्ट संविधान भनेर जनताको कानै टट्याउने गरी भाषण गरे । त्यतिबेला पनि संसदीय व्यवस्था र संसदीय संविधान गलत हो भनेर हामी क्रान्तिकारीहरूले डटेर विरोध गर्दा त्यतिबेला संख्याका दृष्टिले कमजोर नै थियौ । तर हामीले गरेका कुरा सही थिए भन्ने विषय व्यवहारतः पुष्टी भए । त्यसका लागि समय लाग्यो । क्रान्तिकारीहरूले धैर्यता गर्नु थियो, हामीले धैर्यता गऱ्यौं। त्यतिबेला पनि दरबारमा गरिएको सम्झौता होस् या संसदवादी पार्टीहरूले बनाएको संविधान होस्, हामीले विरोध गर्दा गर्दै पनि जनताको एउटा तप्काले बुझेर होस् या नबुझेर समर्थन गरेको थियो । अहिलेको संविधानका भन्दा अझ बढी भव्य रूपमा । अन्तत १६ वर्षपछि राजतन्त्रात्मक संसदीय व्यवस्था मुर्दावाद, संसदीय कालो संविधान मुर्दावाद ! भनेर स्वयम् नेपाली जनता सडकमा उत्रन बाध्य भए। हाम्रा अगाडि यो एउटा दृष्टान्त छँदैछ ।

त्यतिमात्र होइन, राजतन्त्रात्मक संसदीय व्यवस्थालाई आदर्श मान्दै लामो ... *बाँकी ७ पेजमा*

झर्रोटर्रो — कैलुब्राह

# चुनावी टेण्डर

भर्खरै मात्र स्थानीय तह नामको चुनावी टेण्डर प्रकृया सम्पन्न भएको छ। संसदीय व्यवस्थामा चुनाउ भनेको साम, दाम, दण्ड र भेदको छक्कापञ्जा खेल हो। यो विशेष गरि टेण्डर प्रकृयाका रूपमा खेलिने खेल हो। साम, दाम, दण्ड र भेद मध्ये दाम, दण्ड र भेद नै यो प्रकृयामा समावेश गरिने औजार हुन् । त्यसका लागि सत्ताको तालाचावी आफ्नो हातमा हुनु अनिवार्य हुन्छ । त्यस्ता कम्पनीहरूलाई नै यो टेण्डर पर्ने गर्दछ। यदि सत्ताको तालाचावी आफ्नो हातमा भएन भने पनि विगतका दिनमा तालाचावी समाएर आफ्नो ढुकुटी बलियो बनाइसकेका र भविश्यमा कुनै पनि बेला समाउन सक्ने हैसियतमा रहेका कम्पनीहरूले नै यो टेण्डर हात पार्ने सम्भावना रहन्छ। किनकि उनीहरूसँग मात्रै दाम, दण्ड र भेदका औजार हुन्छन् । यस्ता औजार हुने कम्पनीहरू 'क' श्रेणीका ठेकेदार कम्पनीहरू हुन् । 'क' श्रेणीको लाइसेन्स प्राप्त कम्पनीहरूसँग मात्र यस्ता औजार राख्ने औकात र इजाजत हुन्छ। यस्ता कन्सट्रक्सन कम्पनीहरूलाई अन्तर्राष्ट्रिय कम्पनीहरूको सहयोग, समर्थन र विशेष आशिर्वाद प्राप्त हुन्छ।

प्रथम चरणको टेण्डर प्रकृया बैशाख ३१ गते खोलिएको थियो। यो ठेक्का नेपाल मण्डलका तीन वटा ठूला कम्पनीहरूलाई पऱ्यो । चारतारे धार्मिक कन्सट्रक्सन प्रा.लि., सूर्यछाप विल्डर्स एण्ड एनजिओ प्रा.लि. र गोलघेरे गुप्तव्यापार ट्रेड लिङ्क एण्ड माके कमिसन मिसन । यिनै तीनवटा प्रा.लि.हरूले प्रथम चरणको टेण्डर हात पार्न सफल भएका छन् । अब दोस्रो चरणको टेण्डर यहि जेठको ३१ गते खोलिँदै छ। त्यसमा मधेसतिरका एकादुई इन्टरनेश्नल प्रा.लि.हरूले पनि उक्त टेण्डर प्रकृयामा सहभागी हुने सम्भावना छ । परन्तु, उनीहरूलाई यो टेण्डर कमै मात्र पर्ने सम्भावना रहन्छ । किनकि उनीहरूको विओकेमा क्षेत्रीय र जातीय अङ्क बढि हुने र त्यसमा भाइचार कम्पनीहरूको स्वार्थ समावेश भएर आउने भएकाले टेण्डर कम पर्ने गर्छ । उनीहरूको सम्बन्ध सिधै अन्तर्राष्ट्रिय कम्पनीहरूसँग जोडिएको र उनीहरूकै लाइसेन्सबाट सम्वन्धन प्राप्त भएर आउने हुँदा उनीहरूले कम ठेक्का प्राप्त गर्ने गर्छन् ।

तीन वटा ठूला कम्पनीहरूको नामको निश्चित कारण छन् । जस्तो कि चारतारे धार्मिक कन्स्ट्रक्सन प्रा.लि.भनेको यो कम्पनी धर्ममा अडेको हुनाले यसले पाउने ठेक्का धार्मिक प्रकारले नै पर्ने गर्छ । चारतारे दल भनेको यो कुनै राजनीतिक पार्टी होइन। राजनीतिक दलको निश्चित विचार, दर्शन, राजनीतिक कार्यक्रम, वर्गआधार आदि हुन्छ । तर चारतारेको त्यस्तो केही पनि छैन। हजुरबाउ उहिले सात सालमा चारतारेमा लागेको हुनाले बाबु, छोरोहुँदै नाति र पनातिसम्म चारतारेमा छाप ठोक्दै आउने पुस्ता छ। अर्को कुरा चारतारेमा लाग्न विचार, दर्शन, राजनीति केहि नबुझे पनि हुन्छ। यो सङ्गठन धर्मभिरुहरूको जमात जस्तै हुने भएकाले यो कम्पनीको नाम 'चारतारे धार्मिक कन्स्ट्रक्सन प्रा.लि.' रहन गएको हो । त्यस्तै सूर्यछापको पनि यस्तै कारण छ । यो कम्पनी एनजिओ आइएनजिओमा टिकेको छ । यो कम्पनीमा लाग्ने जति सबैले कुनै न कुनै इनजिओ आइएनजिओमा लागेकै हुन्छन् । यसमा पनि विचार, राजनीति, दर्शनको जरुरत पर्दैन । 'कमरेड मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद' भन्नसम्म सक्ने भए पुग्छ। बहुदलीय जनवाद भनेको के हो भन्ने कुरा जानिराख्नु भने पर्दैन । सुगा राटान लगाए पुग्छ । बाँकी समय एनजिओमा लागेर डलरको खेति गरे पुग्छ । त्यसैले यसको नाम 'सूर्यछाप विल्डर्स एण्ड एनजिओ प्रा.लि.' रहन गएको हो। अब रह्यो गोलघेरे दलको। यो दलमा लागेका नेता कार्यकर्ता मध्ये धेरैजसो गुप्त व्यापार, जग्गाको दलाली र विकासे बजेटबाट कमिसन असुल्ने धन्दामा लागेका छन् । यो दलको मूख्य उद्देश्य एनिहाउ पैसा कमाऊ रहेको छ । त्यसैले यसको नाम 'गोलघेरे गुप्तव्यापार ट्रेड लिङ्क एण्ड माके कमिसन मिसन' रहन गएको हो।

अहिले नेपाल मण्डलको सत्ता यिनै तीन ठूला कम्पनीहरूको हातमा फनफनी घुमेको र यिनीहरूकै सिण्डिकेटमा चलेको हुनाले पहिलो चरणको चुनावी टेण्डर पनि यिनै कम्पनीहरूलाई नै परेको हो । टेण्डरको नियम नै साधन श्रोतले सम्पन्न कम्पनीहरूलाई नै कानूनी रूपमा टेण्डर दिनका लागि मूल्याङ्कन गर्नु पर्ने भएकाले यी कम्पनीहरूसँग माथि उल्लेख गरिएका दाम, दण्ड र भेदका औजार भएकाले यिनीहरूलाई दामासाहीले टेण्डर परेको हो। यसमा अन्य सानातिना भुरेभारे जस्ले आफूलाई वास्तविक रूपमा राजनीतिक दल ठान्दछन् उनीहरूले दुख मनाउ गर्नु मुनासिव छैन। किनकि यो व्यवस्था भनेकै ढाँटछल र लुटमार गर्न सक्ने, साम, दाम, दण्ड, भेद प्रयोग गर्न सक्ने र रैतिहरूलाई जात र धर्म अनुसारको खान्कीमा लठ्याएर ज्युँदा र मरेका सबै रैतीहरूका भोट बाकसका बाकस खसाल्न सक्नेले नै जित्ने व्यवस्था हो। यसको चरित्रअनुसार यसलाई टेण्डरप्रथा भन्नु उपयुक्त हुन्छ । किनकि यो व्यवस्थालाई लोकतान्त्रिक गणतन्त्र भनिन्छ । वास्तवमा यो सक्नेले लुट्ने र विरोध गर्नेलाई ठोक्ने तन्त्र हो। हार्नेजतिलाई चेतना भया।

६ जेठ २०७४

kailubraha73@gmail.com

# नयाँ ढंगको पार्टी निर्माणसम्बन्धी माओवादी मान्यता



मोहन वैद्य 'किरण'

**१.मार्क्सवादी–लेनिनवादी मान्यता**

कम्युनिस्ट पार्टी स्वयंमा एक नयाँ ढंगको पार्टी हो । यस्तो पार्टीको निर्माणको जग मार्क्स-एङ्गेल्सले हाल्नुभयो । उहाँहरूले समाजमा परम्परागत सम्पत्ति-सम्बन्धहरू तथा विचारहरूबाट 'आमूल सम्बन्ध-विच्छेद' का निम्ति, कम्युनिज्मको लक्ष्यसिद्धिका निम्ति सर्वहारावर्गको स्वतन्त्र राजनीतिक संगठन अनिवार्य रूपले आवश्यक छ र त्यसले आफ्नो लक्ष्यप्राप्ति बल प्रयोगको भूमिकाबाटै गर्नसक्छ भन्ने कुरा बताउनुभयो । एङ्गेल्सले भन्नुभयो, 'सर्वहारावर्गले हिंसात्मक क्रान्तिबिना राजनीतिक सत्तामाथि, जुन नयाँ समाजमा प्रवेश गर्ने एकमात्र ढोका हो, कब्जा गर्न सक्तैन । सर्वहारावर्ग निर्णायक रूपमा विजयी बन्नका निम्ति पर्याप्त रूपमा शक्तिशाली होस्, यसनिम्ति त्यसले अरु पार्टीहरूभन्दा भिन्न, तिनका विरुद्ध एक अलग पार्टीको सचेत वर्गको पार्टीको निर्माण गर्नुपर्दछ ।'

उहाँहरूले सच्चा कम्युनिस्ट पार्टीको निर्माणका निम्ति लालसावादी एवं. अराजकतावादीहरूका विरुद्ध भिषण संघर्ष चलाउनुभयो र सिद्धान्त र राजनीतिलाई प्रधानता दिनुभयो । हरेक सत्तफ राजनीति, अनुशासन र संगठनभित्र बहुमतको निर्णयलाई नकार्ने, अराजकतावादी चिन्तनको विरोध गर्दै राजनीति, अनुशासन र संगठनको महत्वमाथि विशेष जोड दिनुभयो । अन्य वर्गबाट पार्टीमा सामेल हुन चाहनेहरूका निम्ति उनीहरूले आफूमा विद्यमान पुँजीवादी तथा निम्न पुँजीवादी दृष्टिकोण त्यागी सर्वहारा दृष्टिकोणलाई सच्चा हृदयले अंगीकार गर्नुपर्ने कुरामा जोड त्यसलाई 'पहिलो शर्त' का रूपमा राख्नुभयो । यस सन्दर्भमा उहाँहरूले यो बताउनुभएको छ कि गलत तत्वका हातमा नेतृत्व पऱ्यो भने पार्टीको सीधैं -'बन्ध्याकरण' हुनेछ, सर्वहारास्फुर्ति खत्तम हुनेछ । सारमा उहाँहरूको जोड के कुरामा रह्यो भने सर्वहारा-एकता सिद्धान्तमा आधारित हुनुपर्दछ, अन्यथा सर्वहारावर्ग गलत तत्वसित -विजातीय तत्वसित) सम्बन्धबिच्छेद एवम् फुटका निम्ति पनि तयार रहनुपर्दछ । हेगेललाई उदृत गर्दै एङ्गेल्सले भन्नुभयो, 'वृद्ध हेगेलले पहिले नै बताइसकेका छन् : जुन पार्टी स्वयम् फुटका निम्ति तयार होस् र त्यो फुटलाई झेल्न सकोस, त्यसले के सिद्ध गर्छ भने त्यो जीवन क्षमता भएको पार्टी हो । सर्वहारा आन्दोलन अनिवार्यतः विकासका विभिन्न चरणहरू हुँदै अघि बढ्छ । हरेक चरणमा हिँड्नेहरूको एउटा हिस्सा बिचैमा छुट्छ र अघि बढ्न साथ दिँदैन । यही कारण हो की 'सर्वहाराको एकता' एक अर्काकाविरुद्ध जीवन-मरणको संघर्ष (जस्तो संघर्ष रोमन साम्राज्यमा घनघोर दमनकाबीच, इसाईपन्थीहरूकाबीच चल्ने गर्थ्यो) मा संलग्न विभिन्न पार्टी गुटहरूमा साँच्चै पूरा भइरहेको छ ।' एकताको नाममा फुटको बिज रोप्ने तत्वहरूका विरुद्धमात्र होइन, सर्वहारावर्गको पार्टीलाई अभिजातवर्गीय मजदुर पार्टीमा बदल्न चाहनेहरूकाविरुद्ध पनि उहाँहरूले यी सबै कुरा व्यवहारतः पनि सम्पन्न गरेर देखाउनुभयो ।

दोस्रो अन्तर्राष्ट्रियका पार्टीहरू बढीमा र सारतः संसदीय चुनावी मञ्चका साधन थिए । साम्राज्यवाद र सर्वहाराक्रान्तिको युगका सर्वहारावर्गको ऐतिहासिक जिम्मेवारी पुरा गर्न सक्ने पार्टी थिएनन्, युद्धको नेतृत्व गर्नसक्ने पार्टी थिएनन् । त्यो स्थितिमा लेनिनले नयाँ ढंगको पार्टी निर्माण गर्ने कुरा महसुस गर्नुभयो । परिस्थितिले कस्तो पार्टीको माग गऱ्यो र लेनिनवादको पार्टी कस्तो थियो, स्टालिनले भन्नुभयो- 'त्यसैले आवश्यकता पैदा भयो- एक नयाँ पार्टीको, एउटा लडाकु र क्रान्तिकारी पार्टीको, जसले राज्यसत्तामाथि अधिकार प्राप्त गर्ने सन्दर्भमा सर्वहारा वर्गको नेतृत्व गर्न सकोस्, त्यस्तो अनुभवी पार्टीको, जसले क्रान्तिकारी परिस्थितिको अत्यन्त जटिल अवस्थामा पनि आफ्नो विवेक नगुमाओस्, यस्तो कार्यकुशल पार्टीको जसले क्रान्तिको जहाजलाई पानीभित्र लुकेका चट्टानहरूबाट बचाएर त्यसलाई आफ्नो लक्ष्यसम्म पुऱ्याओस्......यस्तो पार्टी लेनिनवादी पार्टी थियो ।' त्यसरी लेनिनले सबैका निम्ति नमुना बन्नसक्ने पार्टीका रूपमा वोल्सेभिक पार्टीको निर्माण गर्नुभयो । उहाँले त्यस्तो पार्टीको निर्माणका निम्ति पुरानो इस्क्राको कालदेखि नै विचारधारात्मक, राजनीतिक र सांगठनिक रूपमा निकै राम्रो तयारी गर्नुभएको थियो । उहाँले नयाँ ढंगको पार्टीको निम्ति क्रान्तिकारी सिद्धान्त, सही राजनीतिक लाइन, क्रान्तिकारी वर्गसंघर्ष र युद्धको भूमिका, सही दुईलाईन संघर्ष र अवसरवादीसितको निर्णायक सम्बन्धविच्छेद आदि कुरालाई मूल आधार बनाउनुभयो र संगठनको सही परिचालनका निम्ति जनवादी केन्द्रियताको सिद्धान्त प्रतिपादन गर्नुभयो । यस सन्दर्भमा उहाँले अर्थवादी, मेन्सेभिक, विसर्जनवादी, सामाजिक अन्धराष्ट्रवादी, अराजकतावादी, उग्रवादी र मध्यपन्थी अवसरवादी सबैकाविरुद्ध भीषण संघर्ष चलाउनुभएको थियो । उहाँले भन्नुभएको थियो, 'अवसरवादसित निर्णायक सम्बन्धविच्छेदबिना तथा जनसाधारणलाई त्यसको टाटपल्टाईको जानकारी गराउनुबिना यो बेला समाजावादको लक्ष्यसिद्धि असम्भव छ, मजदुरहरूको सच्चा अन्तर्राष्ट्रिय एकताको उपलब्धि असम्भव छ ।' यस सन्दर्भमा लेनिनले के कुरामा जोड दिनुभयो भने-पहिले इङ्गल्याण्डमा एकाधिकार पुँजीवादको जन्मका साथै त्यहाँ अभिजातवर्गीय मजदुर पार्टीका जन्म भएको थियो र अब धेरै देशहरूमा एकाधिकार पुँजीवाद अर्थात साम्राज्यवादको जन्म भएको छ । त्यसैले ती देशहरूमा अभिजातवर्गीय मजदुर पार्टी बन्दैछन् । यो स्थितिमा मजदुर आन्दोलनमा फुट हुनु अनिवार्य छ र त्यसप्रकारका गलत पार्टीहरूका विरुद्ध जुधेर नै सही पार्टीको निर्माण हुनसक्छ । पुरानो पार्टीबाट क्रान्तिकारी पार्टीमा संक्रमण हुन किन जरुरी छ ? र त्यो कसरी हुनसक्छ ? लेनिनले जोडदार रूपमा भन्नुभयो- 'क्रान्तिकारी संगठनमा संक्रमण गर्नुपर्दछ, यो बदलिएको एतिहासिक परिस्थितिको, सर्वहारा क्रान्तिकारी कारबाहीको युगको माग हो । परन्तु, यो पुराना नेताहरू (क्रान्तिकारी उर्जाको गला रेट्नेहरू) प्रति पुरै आँखा चिम्लिएर, पुरानो पाटीप्रति पुरै आँखा चिम्लिएर, त्यसलाई नष्ट गरेर नै गर्न सकिन्छ ।' नयाँ ढंगको लडाकु पार्टी निर्माणका निम्ति लेनिनले रुसका पुराना नेताहरू तथा पुरानो पार्टीलाई मात्र पुरै बेवास्ता गर्नुभएन, दोस्रो अन्तर्राष्ट्रियका अवसरवादी नेता तथा अवसरवादी पार्टीहरूलाई पनि पुरै बेवास्ता गर्नुभयो, तिनलाई पुरै नष्ट पार्नुभयो । तमाम प्रकारका सुधारवादी एवम् मध्यपन्थी अवसरवादबाट मुक्त तेस्रो अन्तर्राष्ट्रियको स्थानपना गर्नुभयो । यस सन्दर्भमा उहाले गुटबन्दी तथा सबै गुटहरूको अस्तित्वको अन्त्यको कुरा गर्नुभयो र तेस्रो अन्तर्राष्ट्रियको प्रवेशका निम्ति कैयौं सर्तहरू निश्चित गर्नुभयो । माओले नयाँ ढंगको पार्टी निर्माणका निम्ति यस प्रकारको मार्क्सवादी लेनिनवादी मान्यतालाई निकै दह्रोसँग पक्रनुभयो ।

**२. माओवादी मान्यता**

चीनमा स्थानपनाको लगत्तै पार्टीले सशस्त्र संघर्ष र संयुक्त मोर्चाको अगुवाई गर्नुपऱ्यो, त्यो स्थितिमा माओले 'पार्टी निर्माण र त्यसको वोल्सेभिकीकरणको सवाल, त्यसको राजनीतिक दिशा, संयुक्त मोर्चा र सशस्त्र संघर्षका सवालहरूको गलत या सही समाधानको सवालसँगै जोडिएको' कुरा बताउनुभयो । दुश्मनकाविरुद्धको जीवन-मरणको वर्गयुद्ध र पार्टीभित्रको भिषण दुई लाईन संघर्षका क्रममा माओले नयाँ ढंगको पार्टी निर्माण सम्बन्धी मान्यताहरूको विकास गर्नुभयो । यो काम माओवादी क्रान्तिकालसम्म, महान सर्वहारा सांस्कृतिक कालसम्म पनि जारी रह्यो । क्रान्तिकारी पार्टी निर्माणका निम्ति पथप्रदर्शनक सिद्धान्त एक प्राथमिक शर्त हो । त्यसैले माओले भन्नुभयो, 'हाम्रा विचारहरूलाई पथप्रदर्शक गर्ने सैद्धान्तिक आधार हो मार्क्सवाद-लेनिनवाद ।' त्यसप्रकारको सैद्धान्तिक आधारलाई एवम् माओले पनि माओवादका रूपमा विकसित गर्नुभयो । पार्टीभित्रका दश-दशवटा जटिल दुई लाइन संघर्ष पार गरिसकेपछि विचारधारात्मक एवम् राजनीतिक कार्यदिशाको महत्वमाथि प्रकाश पार्दै उहाँले भन्नुभयो- 'विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैथोकको निर्धारण गर्दछ, जब पार्टीको कार्यदिशा सही हुन्छ, त्यो बेला उसको हातमा सबै पर्दछ, यदी मानिस छैनन् भने ति प्राप्त हुन्छन् । बन्दुक छैनन् भने ति प्राप्त हुन्छन्, राजनीतिक सत्ता छैन भने त्यो पनि प्राप्त हुन्छ । यदि कार्यदिशा गलत छ भने जे छन्, ति सबै गुम्छन् । कार्यदिशा भनेको जालको डोरी हो, जब त्यो तानिन्छ भने पूरै जाल खुल्दछ ।'

विचारधारा र राजनीतिक कार्यदिशा कुनैपनि बनिबनाउ र स्थिर चिज हुँदैनन् । ति विकसित भइरहन्छन् र तिनको विकास संघर्षबाटै हुन्छ । चीनमा सम्पन्न जनयुद्धबाट विचारधारा र राजनीतिको विकासका साथै नयाँ ढंगको पार्टी निर्माणका निम्ति नयाँ मान्यताको पनि विकास हुन गएको छ । माओले भन्नुभयो, 'चीनमा संघर्षको मुख्यरूप युद्ध हो र संगठनको मुख्यरूप फौज हो ।' माओको यो भनाईबाट कुन कुराको पुष्टि हुन्छ भने नयाँ ढंगको पार्टी निर्माणका निम्ति सशस्त्र युद्धको आवश्यकता र अनुभव अर्थात सैन्यीकरण एक अनिवार्य शर्त हो । ग्रामीण क्षेत्रमा जानु र त्यहाँ भीषण संघर्षमा भाग लिनु तथा वर्गयुद्ध सञ्चालन गर्नुले पार्टी साँच्चैको वोल्सेभिक एवम् फौजी पार्टी बन्न पुग्यो । त्यसैले त माओले आफूहरूलाई गाउँतिर लखेटेकोमा धन्यवाद दिँदै च्याङ काई-सेकलाई 'असल शिक्षक' सम्म भन्न पुग्नुभएको थियो । त्यसैले अन्तरसंघर्ष र दुई लाइन संघर्षले नयाँ ढंगको पार्टी निर्माण एवम् विकासका निम्ति आधारभूत भूमिका खेल्न पुगेको छ । पार्टीभित्रको संघर्ष, तेस्रो अन्तर्राष्ट्रिय एवं स्टालिनसँगको अन्तरसंघर्ष र सोभियत संशोधनवादीहरूसँगको भिषण संघर्षले सही विचारधारा एवं. राजनीतिक कार्यदिशाको विकासका साथै नयाँ ढंगको पार्टी-अवधाराणको विकासका निम्ति पनि राम्रो आधार तयार हुन पुग्यो । यी सब कारणले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको अवधिसम्म आउदा विश्वका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूका निम्ति नयाँ ढंगको पार्टी निर्माणका लागि चिनियाँ कम्युनिष्ट पार्टी एक साँच्चैको नमुना बनेको थियो ।

क्रान्तिकारी सिद्धान्त र राजनीतिक कार्यदिशाका साथै माओले क्रान्तिकारी कार्यशैलीको आवश्यकतामाथि पनि जोड दिनुभएको छ । यस सन्दर्भमा उहाँले सिद्धान्तलाई व्यवहारसँग जोड्ने, जनसमूहबाट लिएर जनसमूहलाई दिने, मनोगतवाद, एकलकाँटेपन र टपरटुइँयाँ प्रवृत्तिका विरुद्ध, उदारतावाद र संकीर्णतावादविरुद्ध जुझ्नुपर्ने तथा आलोचना-आत्मआलोचनाको पद्धतिलाई राम्रोसँग पक्रनुपर्ने कुरामा जोड दिनुभएको छ । उहाँले जनतामा निर्भर रहने, जनताबाटै सिक्ने र जनतालाई जगाउँदै अघि बढ्ने कुरामा जोड दिँदै जननीतिको प्रतिपादन गर्नुभएको छ । उहाँले सांगठनिक कार्यशैली र संगठनात्मक सिद्धान्तका दुवै क्षेत्रमा अन्तरविरोधको नियमलाई राम्रोसँग लागु गर्नुभएको छ । उहाँले एकातिर विभिन्न कामहरूमध्ये मुख्य कामलाई पहिलो दर्जामा राख्ने र अर्कोतिर जनवाद तथा केन्द्रियता, अनुशासन तथा स्वतन्त्रताबीचको द्वन्द्वात्मक सम्बन्ध कायम गरिनुपर्ने कुरामा विशेष जोड दिनुभएको छ । उहाँ पार्टीमा अनुशासन कायम गरिनुपर्ने प्रश्नलाई निकै गम्भीरताका साथ लिनुहुन्छ । उहाँले केन्द्रीयतालाई समझदारी, नीति, योजना, कमाण्ड र काममा एकरूपताका लागि 'सही विचारको केन्द्रिकरण' बताउनुहुन्छ र त्यसनिम्ति जनवादलाई आधार ठान्नुहुन्छ । परन्तु उहाँ क्रान्तिकारी सिद्धान्त तथा राजनीति र क्रान्तिका विरुद्ध संशोधनवादीबाट प्रयोग गरिने यान्त्रिक तथा नोकरशाही जनवादी केन्द्रियताको प्रबल विरोधी हुनुहुन्थ्यो । उहाँले भन्नुभयो- 'विद्रोह गर्ने अधिकार छ ।' वास्तममा महान् सर्वहारा सांस्कृतिक क्रान्ति, जनवादका आधारमा दक्षिणपन्थी संशोधनवादमाथि बुर्जुवा हेडक्वार्टरमाथि गरिएको भिषण हमला थियो । जब-जब चीन र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा दुई लाइन संघर्ष तिव्र बन्दै गयो, त्यो बेला माओले पार्टीभित्रका क्रान्तिकारी तत्वसँग सतर्क रहने र नयाँ उत्तराधिकारीहरूको सृष्टि तथा प्राप्ती गर्नुपर्ने आवश्यकतामाथि विशेष जोड दिनुभयो । उहाँले गुटवाद एवम् फुटवादका विरुद्ध कडा संघर्ष चलाउँदै आउनुभयो र क्रान्ति निम्ति नेतृत्वको विशेष महत्व हुने कुरा बताउनुभयो ।

एउटा पार्टीले क्रान्तिकारी आन्दोलनलाई कसरी विजयको दिशातिर अगाडि बढाउन सक्तछ ? माओले भन्नुभयो-'क्रान्तिकारी सिद्धान्त तथा इतिहासको ज्ञान र व्यवहारिक आन्दोलनको गहिरो ज्ञान नहुन्जेल कुनै राजनीतिक दलले पनि महान् क्रान्तिकारी आन्दोलनलाई विजयतर्फ लैजान सम्भव छैन ।' क्रान्तिकारी पार्टीको निर्माणका सम्बन्धमा हामीले माओवको उक्त भनाईलाई अर्थात सिद्धान्त, इतिहास र व्यवहारिक आन्दोलनको गहिरो ज्ञानसँग सम्बन्धित कुरालाई राम्रोसँग समात्न जरुरी छ ।

**३. अन्तरसंघर्षको भूमिका**

माओले पार्टीको जीवनलाई मान्छको जीवनजस्तै बाल, युवा, प्रौढ र वृद्धावस्था हुँदै एक दिन समाप्त हुने कुरा बताउनुभयो र पार्टीको भित्री अन्तर्विरोधलाई पार्टीको जीवन ठान्नुभयो । उहाँ भन्नुहुन्छ- 'पार्टीभित्र अन्तर्विरोध रहेनन् र तिनको समाधानका लागि सैद्धान्तिक संघर्ष चलाइएन भने पार्टीको जीवन खत्तम हुन्छ ।'

माओले पार्टीको निर्माण र विकासको सवाललाई अन्तर्विरोधको नियमको आधारमा ग्रहण गर्नुभयो र भन्नुभयो-हाम्रो पार्टी पनि एकको दुईमा विभाजित बनेको छ ।' नयाँ ढंगको पार्टी निर्माण कसरी हुन्छ ? उहाँ भन्नुभयो- त्यो एकता, संघर्ष र रूपान्तरणका आधारमा सम्पन्न हुन्छ । उहाँले नयाँ ढंगको पार्टीको निर्माणका निमित्त शुद्धिकरण आन्दोलनमा जोड दिनुभयो र त्यसको सार खिच्दै 'एकताको भावनाबाट प्रेरित हुनु, आलोचना या संघर्षका माध्यमबाट अन्तर्विरोधहरूलाई हल गर्नु र नयाँ आधारमा नयाँ एकता कायम गर्नुपर्ने' कुरा बताउनुभयो । उहाँले यसलाई अझै जोडदार रूपमा भन्नुभयो-'हामीले एकताको पुरानो आधारलाई ध्वस्त पार्नुपर्दछ, सिधै संघर्षमा जानुपर्दछ र नयाँ आधारमा नयाँ एकता हासिल गर्नुपर्दछ । कुन कुरा सही हो, पानी नबग्ने पोखरी या अघि बढ्ने याङ्ग त्से नदीको अनन्त धारा प्रवाह ? पार्टी यसै दिशामा छ, जनता र वर्गपनि त्यसैमा छन ।' यसरी माओले पार्टीलाई पानी जमेको शान्त पोखरी नभई गर्जदै अघि बढ्ने याङ्ग त्से नदीको अनन्त धाराप्रवाहको रूपमा लिनुभयो । माओको पार्टी एकता, नयाँ ढंगको पार्टी वा पार्टीको विकाससँग सम्बन्धित कुराको व्याख्याविपरितहरूको एकताको नियममा आधारित छ । तदअनुसार प्रथम अवस्थामा विपरितहरू परस्पर संघर्ष गर्दै एकजुट हुन्छन् र दोस्रो अवस्थामा ति एकअर्कामा बदलिन्छन् । यसरी एकता, संघर्ष र रूपान्तरणका रूपमा हुने परिवर्तनलाई माओले गुणात्मक परिवर्तनको रूपमा लिनुभएको छ र त्यसैले यसलाई 'नयाँ आधारमा नयाँ एकता' बताउन पुग्नुभएको छ । उहाँले पार्टीको यसप्रकारको विकासलाई घट्नु र बढ्नुका रूपमा हुने क्रमिक विकास वा मात्रात्मक विकासका अर्थमा नभई 'एकताको पुरानो आधारलाई ध्वस्त' पारेर गरिने विकासको अर्थमा अर्थात छलाङ्गको अर्थमा ग्रहण गर्नुभएको छ र पार्टी जीवनको यो क्रम लगातार उच्च स्तरमा विकसित हुँदै जाने कुरा बताउनुभएको छ । अन्तरसंघर्ष वा दुई लाइन संघर्षको सञ्चालनका क्रममा माओले विपरित तत्वहरूको एकता अर्थात एकको दुईमा विभाजनको प्रश्नलाई निकै गम्भीरतापूर्वक लिनुभयो । गल्ती गर्ने साथीहरूप्रति कस्तो रुख हुने ? उहाँले भन्नुभयो-'पहिलो संघर्ष गर्ने र दोस्रो उसलाई घटाउने ।' पार्टीभित्र रहेका गलत विचारहरूलाई परास्त गर्न र साथीहरूलाई सच्याउनका लागि माओले पार्टीमा बारम्बार शुद्धिकरण आन्दोलन चलाउनुभयो । विचारधारात्मक संघर्षलाई निकै प्रश्रय दिनुभयो । उहाँले एकता, संघर्ष वा रूपान्तरणको पद्दतिको राम्रो प्रयोग गर्नुभयो । उहाँले परास्त गर्न र साथीहरूलाई सच्याउनका लागि माओले पार्टीमा बारम्बार शुद्धिकरण आन्दोलन चलाउनुभयो । विचारधारात्मक संघर्षलाई निकै प्रश्रय दिनुभयो । उहाँले एकता, संघर्ष वा रूपान्तरणको पद्दतिको राम्रो प्रयोग गर्नुभयो । उहाँले 'भविष्यमा गल्तीबाट बच्नका निम्ति अतितका गल्तीबाट सिक्ने र 'रोगीलाई बचाउनका निम्ति रोगको उपचार गर्ने' सिद्धान्तमा जोड दिनुभयो । साथै उहाँले कुन कुरामाथि पनि जोड दिनुभयो भने ट्राटस्की, छन छन त्यु श्यु, च्याङ क्वो, थाओ, ल्यु शाओ ची, खुश्चोभजस्तासँग यो तरिका सम्भव छैन ।

माओले फुटका विरुद्ध एकतामा जोड दिनुभयो, परन्तु उहाँ संघर्षविनाको एकताको-एकमना एकताको कडा विरोध गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो-'एकमना एकताबारे कुरा गरिरहने तर संघर्षबारे कुरा नगर्ने मार्क्सवादी-लेनिनवादी होइनन् ।' उहाँ पार्टीभित्र कुनै सन्त वा सतप्रतिशत मार्क्सवादी हुन नसक्ने र एउटा व्यक्ति पनि विश्लेषणको पात्र हुने अर्थात त्यो पनि सही र गलतमा विभाजित हुने कुरा बताउनुहुन्थ्यो ।

दुई लाइन संघर्षको द्वन्द्ववादमा माओ निकै कुशल हुनुहुन्थ्यो । उहाँ एकातिर 'हरेक कार्यनीतिक चरणमा संघर्ष चलाउनुका साथै सम्झौता गर्नु पनि आवश्यक रूपमा सही हुन्छ' भन्न पुग्नुहुन्थ्यो । कैयौं कमरेडहरूको विरोध हुँदाहुँदै पनि उहाँ सातौ महाधिवेशनको के.स. मा वाङ मिङलाई राख्न तयार हुनुहुन्थो भने अर्कोतिर गलत तत्वहरूलाई छुट दिन हुन्न भन्दै ल्यु, पेङ्ग ते हुईजस्तालाई कठोर दण्ड पनि दिन पछि पर्नुहुन्न थियो । जब स्थिति जटिल हुँदै जान्छ, जस्तो कि पछिल्ला लुशान कन्फ्रेन्समा लिन पियाओपन्थीहरू एकदमै लुकेर अचानक हमला गर्न आएका थिए, त्यो बेला उहाँ भन्नुहुन्थ्यो-'लुशान सम्मेलनपछि मैले तीन तरिकाको प्रयोग गरे : पहिलो- ढुंगा हान्नु थियो, दोस्रो-माटोमा बालुवा मिसाउनु थियो र तेस्रो-पर्खालहरूमा सुरुङ विच्छ्याउनु थियो ।' यसरी दुई लाईन संघर्षमा द्वन्द्ववादको प्रयोग गर्दा उहाँ कहिले निकै कडा, कहिले निकै नरम, कहिले बांगोटिंगो मोडको रफ्तारसँगै निकै बक्र र घुमाउरो पनि बन्ने गर्नुहुन्थ्यो । परन्तु, सिद्धान्त र कार्यदिशाको प्रश्नमा उहाँ दृढ हुनुहुन्थो । उहाँले भन्नुहुन्थ्यो- 'कार्यदिशा र सिद्धान्तका प्रमुख प्रश्नमा मैले कुनै छुट दिइन ।'

पार्टीभित्र उहाँ अग्रवाद र दक्षिणपन्थी संशोधनवादका विरुद्ध, विशेषतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध भिषण तरिकाले जुझ्नुभयो । उहाँले जनता र आन्दोलनका बिचमा देखा पर्ने प्रवृत्तिहरूलाई उग्र, दक्षिण र मध्यका रूपमा बिश्लेषण गर्नुभयो । यस सन्दर्भमा उहाँले सन् १९६२ यता पार्टीमा 'रूपमा वाम र सारमा दक्षिण' को रूपमा प्रकट अवसरवादको पनि उल्लेख गर्नुभयो र ति सबैका विरुद्ध संघर्ष गर्नुपर्ने कुरामा जोड दिनुभयो । विभिन्न प्रवृत्तिसँगको अन्तरसंघर्ष वा दुई लाइन संघर्षमा कस्तो रूप अपनाउने, यसबारे उहाँले भन्नुभयो- बिचमा मानिसहरूलाई आफ्नो पक्षमा ल्याउनुपर्दछ र दक्षिणपन्थीहरूलाई एक एक गरेर प्रहार गर्दै जानुपर्दछ । उहाँले संशोधनवादलाई पुँजीवादी विचारधाराकै एउटा रूपमा बताउनुभयो र त्यसको साम्राज्यवादसँग अटुट सम्बन्ध रहेको कुरामाथि प्रकाश पार्नुभयो ।

माओले पार्टीभित्रको दुई लाइन संघर्षले शत्रुतापूर्ण रूप लिनसक्ने, असल पक्षमाथि खराब पक्षको विजय हुनसक्ने र एउटा क्रान्तिकारी पार्टी संशोधनवादी, पुँजीवादी पार्टीको रूपमा बदलिनसक्ने कुरामाथि राम्रो प्रकाश पार्नुभयो । उहाँले सन् १९६२ मा भन्नुभएको थियो-'मार्क्सवाद-लेनिनवाद र संशोधनवादकाबिचको संघर्षमा कसको जित र कसको हार हुने भन्ने कुरा अझै अनिश्चित छ । यहाँनेर कुन कुराको प्रबल सम्भावना छ भने संशोधनवाद विजयी बन्नेछ, हामी हार्नेछौं ।' यसको अर्थ के हो भने पार्टीभित्रको एकता, संघर्ष र रूपान्तरणको क्रममा गलत पक्षले सही पक्षलाई हराउन सक्छ र त्यो परिवर्तन गुणात्मक ढंगले उल्टो दिशामा पनि हुन सक्छ । माओको के जोड रह्यो भने यद्यपि यो अस्थाई चिज हो, परन्तु त्यसप्रकारको खतराप्रति जनता र कार्यकर्ताहरूलाई पूरै सतर्क पार्नु आवश्यक छ । चीनमा जब दुई लाइन संघर्ष चर्किंदै गयो, र त्यसले पटक पटक शत्रुताको रूप लिन थाल्यो, त्यो परिस्थितिमा माओले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको थालनी गर्नुभयो, जसको उद्देश्य विश्वदृष्टिकोणको समस्या समाधान गर्नु भयो, संशोधनवादको मूलोच्छेदन गर्नुभयो ।

यस सन्दर्भमा उहाँले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकता सम्बन्धि प्रश्नमा अत्यन्तै ध्यान दिनुभयो, खुश्चोभको आधुनिक संशोधनवादमा पतन भएपछि उहाँको निर्देशनमा रुसी पार्टीलाई जुन पत्र पठाइयो, त्यसमा फुट र फुटवाद र एकताको प्रश्नमा राम्रो प्रकाश पारिएको छ । फुटवादी कुन हो ? यसको सिद्धान्तसित, मार्क्सवाद-लेनिनवादसित, क्रान्तिकारी सर्वहारावादी पार्टीसित फुट्ने तथा संशोधनवाद, संशोधनवादी कार्यदिशा, सुधारवादी बुर्जुवा पार्टीमा गिर्नेलाई फुटवादी बताइएको छ र सच्चा कम्युनिस्टहरू कहिल्यै पनि फुटवादी हुँदैनन् भन्ने कुरामा जोड दिइएको छ । सो पत्रमा अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा एकता र फुटका अनुभवहरूलाई संश्लेषण गर्दै भनिएको छ-'एकता, संघर्ष या फुटसम्म पनि र नयाँ आधारमा नयाँ एकता, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासको द्वन्द्ववाद यस्तै छ ।' 'एकता, संघर्ष या फुटसम्म पनि र नयाँ आधारमा एकता' : यो नयाँ ढंगको पार्टी निर्माण तथा विकास सम्बन्धी मान्यताको एक मूल विशेषता हो । यसले पार्टीको विकास प्रक्रियालाई एकता र संघर्षसम्म मात्र सीमित राख्दैन, अपितु रूपान्तरण, छलाङ्ग र नयाँ आधारमा नयाँ एकता कायम गर्दै निरन्तर विकसित हुँदै जाने अर्थमा ग्रहण गर्दछ ।

यसरी माओ क्रान्तिकारी सिद्धान्त र कार्यदिशाको निम्ति, कम्युनिज्म र क्रान्तिको उज्वल भविष्यको निम्ति भिषण वर्गयुद्ध र दुई लाइन संघर्षहरूमा भिड्नुभयो । नयाँ ढंगको पार्टी निर्माण सम्बन्धि माओवादी मान्यताको विकास पनि ठीक यसै भिडन्तको क्रममा भयो । यी भिडन्तहरूमा उहाँ डग्नुभएन र यसै भिडन्तमा जानुलाई अर्थात ज्वारभाटाको विरुद्ध जानुलाई उहाँले मार्क्सवाद-लेनिनवाद बताउनुभयो ।

**४. निश्कर्ष**

नयाँ ढंगको पार्टी निर्माणका सम्बन्धमा माओले मार्क्सवादी-लेनिनवादी मान्यतालाई राम्रोसँग पचाउनुभयो र त्यसलाई माओवादी मान्यताका रूपमा विकसित गर्नुभयो । सही विचारधारात्मक एवम् राजनीतिक कार्यदिशाको अवलम्बन, जनयुद्ध, अन्तरसंघर्षबाट दुई लाइन संघर्षको द्वन्द्ववादी परिचालन, शुद्धिकरण अभियान, पार्टीको फौजीकरण, महान् सर्वहारा सांस्कृतिक आन्दोलनमा संलग्नता, नयाँ उत्तराधिकारीहरूको निर्माणको आवश्यकता, जननीति र एकता, संघर्ष र नयाँ आधारमा नयाँ एकता आदि नयाँ ढंगको पार्टी निर्माण सम्बन्धी माओवादी मान्यताका मूल तत्व हुन ।

यद्यपि आज प्रतिक्रान्ति एवम् फुटका कारण अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको एकता कमजोर भएको छ, परन्तु आज हामीसँग नयाँ ढंगको पार्टी निर्माण सम्बन्धी मार्क्सवाद-लेनिनवादको समृद्ध मान्यताको समृद्ध रूपमा माओवादी मान्यता छ र आज यसै आधारमा संसारमा नयाँ ढंगको कम्युनिस्ट पार्टीहरू निर्मित एवं. विकसित हुँदै गइरहेका छन् । क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलनले यस दिशामा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । नयाँ ढंगको पार्टी निर्माणको निम्ति आज मार्क्सवाद-लेनिनवाद-माओवाद एक अनिवार्य विचाधारात्मक शर्त बन्न पुगेको छ । माओवाद नमान्ने कुनै पनि व्यक्ति अब सच्चा कम्युनिस्ट बन्न नसक्ने कुरा प्रष्ट भइसकेको छ ।

# चालु आ.व.मा उच्च आर्थिक बृद्धिदरको सम्भावनाबारे प्रश्न



● सीताराम तामाङ

१) आर्थिक वृद्धिले चुनावलाई पारेको असर :- नेपाल सरकारले चालु आर्थिक वर्षमा वृद्धिदर (आधारभूत मूल्यमा) ६.५ प्रतिशतको लक्ष लिएकोमा ६.९४ प्रतिशत (लक्षभन्दा बढी) पुग्ने अनुमान गरिएको हालै सार्वजनिक भएको छ । आ.व. ०७१/०७२ माआर्थिक वृद्धिदर २.९७ प्रतिशत र आ.व. २०७२/०७३ मा आर्थिक वृद्धिदर ०.०१ प्रतिशत रहेको थियो । उक्त आँकडाहरूको तुलनामा चालु आर्थिक बर्षमा ६.९४ प्रतिशत पुग्ने अनुमानले राज्य उत्साहित हुनु स्वभाविकै हो । सरकारले अपेक्षा गरे अनुरूप चालु आ.व.मा आर्थिक बृद्धिदर हाँसिल भइदिए २३ बर्ष यताकै उच्च बृद्धि हुनेछ । यस अघि आ.व. २०४७/०४८ मा ६.० प्रतिशत र आ.व.२०५०/०५१मा७.३ प्रतिशत आर्थिक वृद्धिदर हाँसिल भएको जनाइएको छ । आ.व. २०७३/०७४मा ६.९४ प्रतिशत पुग्ने कारण के हुन सक्तछ ? त्यसबारे पछि छलफल गरौंला । तर अहिलेको स्थानीयतहको निर्वाचनलाई यसले ठूलो असर पुऱ्याएको देखिन्छ । यस बर्षको अनुमानित आर्थिक वृद्धिदरबाटै हौसिएर ने.का.ले स्थानीयतहको निर्वाचनको घोषणापत्रमा आगामी एक दशकभित्र १० प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्ने र एमालेले दशकौंसम्म १० प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर राखिरहने प्रतिबद्धता प्रकट गरेका छन् । मा.के.को भ्यागुता उफ्राई गर्ने आर्थिक वृद्धिको लक्षपनि १० प्रतिशतभन्दा कम हुने कुरै भएन । प्रायः सबै पार्टीका स्थानीयतहको योजना रेल, द्रुतमार्ग र स्मार्ट सिटी निर्माण गर्ने देखिन्छ । मेट्रो रेल र मोनो रेल जस्ता जटिल सडक पूर्वाधारहरू दुई तीन बर्षमै सञ्चालनमा ल्याउने समेत यिनका उम्मेदवारहरूले दावी गरेका छन् । पार्टीहरूले १० प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर कायम गर्ने, स्थानीय तहको सरकारले रेल, द्रुतमार्ग र स्मार्ट सिटी निर्माण गर्ने र प्रायः रेल नै नदेखेका उमेद्‌वारहरूले दुई तीन बर्षमै रेल सञ्चालनमा ल्याउने जस्ता घोषणाहरू आउनु/हुनु/गर्नुले चालु आर्थिक बर्षको योजना आयोगको आर्थिक बृद्धिदरको अनुमानको कत्रो प्रभाव स्थानीय चुनावमा परेको रहेछ भन्ने देखिन्छ ।

२) बाँदरलाई भरेङ :- संसदीय व्यवस्थामा त्यहाँका राजनीतिक पार्टीहरूले आवधिक चुनावमा पत्यारिला/अपत्यारिला विकासे सपना बाडेर, हुने/नहुने प्रतिज्ञा गरेर लाटा सोझा जनताको भोट आकर्षित गरेर आफ्नो मकसद पुरा गर्छन् । झूठो/साँचो कुरा गरेर चुनाब जित्नु उनीहरूको मुख्य काम हो । चुनाब जित्न विकासे सपना बाड्छन् र चुनाव जितेपछि राज्यले दिएको विकासको बजेट कुम्ल्याउने सपना बुन्छन् र भ्रष्टचार गर्छन् । त्यस्ता राजनीतिक दलहरूमा २०४६ अघि पञ्चायत (पञ्चहरू) थियो र २०४६ पछि संसदवादीहरू छन्, त्यसमध्ये पनि ने.का., एमाले र मा.के. प्रमुख छन् । पञ्चायतले "एसीयाली मापदण्डमा मुलुक पुऱ्याउने" विकासे सपना बाँडेर तीस बर्ष खायो । आखिरमा पञ्चायती ब्यवस्था फटाहाहरूको ब्यवस्था सिद्ध भयो र त्यो व्यवस्था नै ढल्यो । पञ्चायतले आर्थिक वृद्धिदर २,३ प्रतिशतभन्दा माथि कहिल्यै पनि हासिल गरेन । झण्डै तीस बर्षदेखि बुर्जुवा संसदीय सत्ता ने.का., एमाले र माके (२०६३पछि) ले सम्हालेका छन् तर तिनको आर्थिक वृद्धिदर पनि ४ प्रतिशतकै हाराहारीमा रह्यो (यो बर्ष ६९४ प्रतिशतको अनुमान) । तर ती पार्टीहरूको स्थानीय तहको चुनावको घोषणापत्रहरूमा १० प्रतिशतभन्दा तलको आर्थिक वृद्धिदर हुनसक्ने कुरै छैन । बाँदरलाई भऱ्याङ भएन त ! यथार्थ भन्दा परको सपना बाँड्नु भनेको झूठको खेती नभएर के हुन्छ ? तर यसले पनि एउटा सत्य के उद्‌घाटन गरेको छ भने संसदीय व्यवस्था पनि फटाहाहरूको ब्यवस्था हो र यसले ढिलो, छिटो ढल्नु अनिवार्य छ ।



३) एउटा आ.व.मा आर्थिक वृद्धिदर बढ्दैमा हौसिनु पर्दैन :- नेपालको अर्थतन्त्र प्राकृतिक अर्थतन्त्र हो, औद्योगिक पुर्वाधार भएको अर्थतन्त्र होइन । प्राकृतिक अर्थतन्त्रमा मनसुनको ठूलो प्रभाव हुन्छ । चालु आ.व.मा २३ बर्षयताकै उच्च आर्थिक वृद्धि हुनलाई मुख्यतः मौसम अनुकुल भएकोले कृषि उत्पादनमा भारी वृद्धि भएको, बन्द हड्तालमा धेरै कमि आएको र विजुली आपूर्तीमा निरन्तरता रहनुलाई आधार मानिएका छन् । चालु आ.व.मा धानले मात्र कृषि उत्पादनमा २२ प्रतिशत योग्दान गरेको छ । मौसमले साथ दिएका आ.व.हरूमा जस्तो कि आ.व. २०४७/०४८ मा ६.० प्रतिशत, आ.व. २०५०/०५१ मा ७.३ प्रतिशत, आ.व. २०५६/०५७ मा ६.० प्रतिशत आर्थिक वृद्धिदर हाँसिल भएका थिए । अन्य आ.व.हरूमा सामान्यत : ४ प्रतिशतकै हाराहारीमा रह्यो । यस अघिको दुई आ.व.हरूमा आर्थिक वृद्धिदर कम हुनुमा भूईचालो र भारतीय नाकावन्दीका कारण देखाएका छन् । जे होस, प्राकृतिक अर्थतन्त्रमा प्रकृतिमा हुने फेरबदलले (कहिले सुख्खा, कहिले बाँढी पहिरो र कहिले अनुकुल मौसम) अर्थतन्त्रमा ठूलो असर पार्दछ । नेपालमा धानखेती सबभन्दा ठूलो उत्पादन खेती हो । प्रकृतिमा हुने हेरफेरले यसलाई प्रभाव पार्दा देशकै आर्थिक वृद्धिदरमा हेरफेर हुने गर्दछ । आगामी आ.व. सुख्खा ग्रस्त हुन गए (यदी भने !) आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा तल झर्न सक्नेछ । तसर्थ चालु आ.व.मा आर्थिक वृद्धिदर बढ्दैमा हौसिनु भन्दा कृषिमा क्रान्ति कसरी ल्याउन सकिन्छ भनेर राज्य र राज्य चलाउने पार्टीहरूले गम्भीर चिन्तन गर्नुपर्ने देखिन्छ ।

४) यथार्थ के हो ? निर्वाहमुखी कृषिको बाहुल्य र निरपेक्ष गरिबीको दुश्चक्रमा रहेको देशमा विगत २३ बर्षदेखि औषत आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा कम रहनुले नेपाल अझैसम्म अत्यन्त अल्पविकसित समुहमा परेको देखिन्छ (यु.एन. १९८५)। भौतिक र आर्थिक पूर्वाधारहरू अत्यन्त कमजोर छन् । अर्थतन्त्र पुरै परनिर्भर छ । कुल उपभोगको करिब ८३ प्रतिशत हामी बाहिरी देशबाट आयात गर्दछौं । सन् २०११ को सरकारी आँकडा हेर्दा नेपालको खेतीपातीमा ५२ प्रतिशतले हलोकै प्रयोग गरेको देखिन्छ भने ट्रेक्टर प्रयोग गर्ने किसान १ प्रतिशतभन्दा कम छन् । सरकारले सिंचाई ५२ प्रतिशत खेतीयोग्य जमिनमा पुऱ्याएको आँकडा दिएको छ । तर वास्तविकता के छ भने सरकारले १६ प्रतिशतलाई मात्रसिचाई सुविधा पुऱ्एको छ र बाँकीकिसानहरूले पम्पवा ट्यूवेलको प्रयोग गरेका देखिन्छन् । मुलुकको अधिकांशभागमा खेतीबर्षाको पानीमा भर परेकोछ । २०१३/०१४मा नेपालको व्यापार स्थितिमा आयात र निर्यातको अनुपात ९:१ थियो भने उद्योगको स्थिति ०.०१६ प्रतिशत र मजदुरको संख्या १.५५ प्रतिशतथियो । रेमिटेन्समामुलुकले ठूलो भर गर्नु परेकोछ । देशको यो स्थिति वदल्नका लागि राष्ट्रिय पुँजीपतिवर्गको हकहितको रक्षागर्ने तथास्वतन्त्र र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माण र विकास गर्ने राजनीति, राजनीतिक दल र कार्यक्रमआजको खाँचो हो । यथार्थलाई नदेख्ने चुनाव जित्नका लागि हावादारी सपना बाँड्ने राजनीतिको मूल्य मुलुक र जनताले चर्को रूपमा चुकाउनु पर्नेछ । जनतालाई चेतनाभया !!

# नजिती नहुने चुनाव



कमल चौधरी

बीस वर्षपछि स्थानीय निकायको चुनाव हुन गइरहेको छ । जनप्रतिनिधिबिहीन अवस्थामा रहेको लामो समय कसरी आयो त ? भयो के भने राजदरबार हत्याकाण्डपछि ज्ञानेन्द्र शाह राजगद्दीमा आशिन भएका थिए । नयाँ राजाको साथै राजतन्त्रको इतिहासमा नयाँ मोड आयो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए, राजासँग मदभेदका कारण कोइरालाले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि पार्टी फुटाएर बसेका शेरबहादुर देउवालाई २०५८ साल साउनमा ज्ञानेन्द्र शाहले प्रधानमन्त्री बनाए । राजा ज्ञानेन्द्रको कृपाले प्रधानमन्त्री बनेका देउवा राजाप्रति कृतज्ञ हुनु स्वभाविक थियो । त्यसको भरपुर लाभ ज्ञानेन्द्रले आफ्नो अभिष्ठ पूरा गर्नमा लगाए । राजाको इच्छाअनुसार देउवाले स्थानीय निकाय जो निर्वाचनद्वारा बनेको थियो, त्यसपछि संसदको क्रमशः संसदको विघटन गरिदिए । पाँच दलको आन्दोलन चलिरहेका अवस्थामा दरबारको इशारा पाएर एमालेले राजा आधा सच्चिए भनेर आन्दोलन छाडेर २०६१ असारमा दरबारमा ओत लाग्न पुग्यो । एमालेका मुख्य नेताहरू देउवा प्रधानमन्त्री भएको सरकारमा सामेल भए । त्यसबेला एमाले नेतृत्वको कुर्सीलोलुपता नांगो रूपमा देखा परेको थियो । २०६१ साल माघ १९ गते तत्कालीन प्रधानमन्त्री देउवा (एमाले नेताहरू सम्मिलित सरकार) लाई असक्षम घोषित गरी मन्त्रिपरिषद विघटन गरेर तत्कालीन राजा ज्ञानेन्द्रले सम्पूर्ण शक्ति आफ्नो हातमा लिएका थिए । आन्दोलन गरिरहेका सात दल र १० वर्षदेखि जनयुद्ध गरिरहेको नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर भएपछिको संयुक्त आन्दोलनमा जनताको अभूतपूर्व र व्यापक सहभागिता भयो । सरकारको सम्पूर्ण सुरक्षा घेरा तोड्दै राजधानीको प्रमुख स्थान र सडकहरूमा आन्दोलनकारीहरूले कब्जा जमाए । देशका सम्पूर्ण सहरहरूमा आन्दोलनकारीहरूको सम्पूर्ण काम अवरुद्ध पारेपछि तत्कालीन राजा ज्ञानेन्द्रले हार मानेर २०५६ सालको निर्वाचनबाट निर्वाचित संसदको पुनर्स्थापना गर्न बाध्य भएका थिए । त्यसपछि २०६३ साल माघ १ गते अन्तरिम संविधान २०६३ जारी भएर ३३० जनाको अन्तरिम व्यवस्थापिका-संसद् बनाइयो । त्यही अनुसार २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो । यसरी केन्द्रीय तहमा कुनै न कुनै प्रकारले पार्टीहरूको सहभागिता रह्यो । तर स्थानीय तह जनप्रतिनिधिविहीन अवस्थामै रह्यो ।

संविधानसभामा माओवादी, नेका, एमालेले क्रमशः सबैभन्दा बढी सिट जित्न सफल भएका थिए । त्यही आधारमा तीन दलको सिन्डिकेट बन्न पुग्यो । तीन दलीय सिन्डिकेट संविधानसभाको स्वघोषित सर्वोच्च कमाण्ड बन्न पुग्यो । जुन अझै पनि जारी छ । राजा विस्थापित भए, राजतन्त्र अन्त्य भयो, तर त्यसको स्थानमा तीन दलको सिन्डिकेट जनइच्छा विपरीत संविधानभन्दा पनि माथि रहेर सक्रिय छ । केन्द्रमा कब्जा जमाएपछि स्थानीय निकाय, कब्जा गर्ने उद्देश्यसहित तीन दलीय सिन्डिकेटले स्थानीय तहको निर्वाचनमा भूमिका खेलिरहेको देखिन्छ । संविधानमा संघीयता र गणतन्त्रको वाक्यांस रहे पनि स्थानीय तहलाई संघीय मान्यताअनुसार प्रान्त वा प्रदेश मातहत नराखी प्रदेशसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनिएको छ । सिंहदरबारको अधिकार स्थानीय तहमा जनताको घरदैलोमा पुऱ्याउने भनिन्छ । तर त्यसको पछाडिको रहस्य बेग्लै छ । प्रदेश र स्थानीय तहबीच जहिले पनि झगडा बनिरहने र स्थानीय निकायको जवाफदेहिता प्रादेशिक सरकारप्रति नहुँदा केन्द्रीय सरकारले स्थानीय निकायमा आफ्नै प्रत्यक्ष अधिनमा बनाइराख्ने अवस्था रहनेछ । यी नेताहरूलाई स्थानीय निकायको विघटन गर्ने बेलामा थोरै पनि चिन्ता भएन । संसद बन्यो, सरकार बने, तर स्थानीय तहको कुनै चिन्ता भएन । अब जब संघीयताको बाबजुद केन्द्रीकृत शासनकै गुण समेटिएको स्थानीय तहको संवैधानिक व्यवस्था भएपछि जसरी भएपनि स्थानीय निर्वाचन आफूले चाहेको बेलामा पूरा गर्ने र स्थानीय तह कब्जा गर्ने चुनाव जित्नैपर्ने खेलमा लागेका छन् तीन दलीय सिन्डिकेटका नेताहरू ।




के स्थानीय तहको निर्वाचनको निम्ति सबै संवैधानिक सवालको समाधान भैसकेत ? एउटै उत्तर छ, छैन । कानुनविदहरूले जनाइरहेको आपत्ति के छ भने संविधानको धारा २९५ को उपधारा ३ अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमा निर्धारण गर्नका लागि नेपाल सरकारले आयोग गठन गर्नेछ । त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित तथा स्वायत्त क्षेत्रको संख्या र सिमानाको निर्धारण गरेको मापदण्ड बमोजिम गर्नुपर्ने छ ।

विशेष संरक्षित स्वायत्त क्षेत्रसमेत निर्धारण गर्नुपर्नेमा आयोगले गाउँपालिका र नगरपालिकाको मात्र संख्या र सिमाना निर्धारण गरेकोले आयोगको प्रतिवेदन अपुरो भएको आयोगकै सदस्य सुनिलरञ्जन सिंहको कुरा छ । गाउँ नगरपालिकाको सीमा र संख्या निर्धारण गरिएको छ । तर विशेष र संरक्षित क्षेत्र बारेमा आयोगले केही भनेको छैन । सीमा र संख्या आफै निर्धारण गर्ने संवैधानिक दायित्व आयोगको भएपनि सरकारले त्यसलाई हेरफेर गरेको भनी कानुनविद्‌ले आपत्ति जनाएका छन् ।

यसरी स्थानीय तह पुनः संरचना आयोगको प्रतिवेदन संवैधानिक मापदण्ड पुरा नगरी तयार भएको छ । प्रतिवेदन अपुरो भएकाले संविधानको धारा २९५ को उपधारा ३ उल्लंघन भएको छ । सरकारले सो धारा उल्लंघन गरी आएको प्रतिवेदन हेरफेर गरेको छ । सरकारले आयोगको प्रतिवेदनमै नभएको प्रदेश नम्बर २ मा कुन मापदण्डका आधारमा स्थानीय तह थपेको हो त्यो पनि खुलेको छैन भनी मधेसी मोर्चाको विरोध छ । सरकारद्वारा नै अनगिन्ती असंवैधानिक काम एक पछि अर्को हुँदै छ । एकै चरणमा अर्थात २०७४ बैशाख ३१ मा चुनाव गर्ने भनी सरकारले घोषणा गऱ्यो । प्रधानमन्त्रीसँगको तीन बुँदै सम्झौता अनुसार संविधान संशोधन नभएमा संघीय गठबन्धन र मधेसी मोर्चाले चुनावमा भाग नलिने भनेपछि प्रचण्ड देउवा तथा एमालेको सहमतिमा दुई चरण अर्थात बैशाख ३१ र जेठ ३१ मा चुनाव गर्ने निर्णय भएअनुसार प्रथम चरणको चुनाव सम्पन्न भएको छ । जेष्ठ ३१ को चुनाव हुने वा नहुने, संविधान संशोधन हुने वा नहुने तथा राष्ट्रिय जनता पार्टीले चुनावमा भाग लिने वा नलिने अझै अनिश्चित छ । संविधान संशोधनको प्रस्ताव सरकारले दर्ता गराएको छ । तर एमालेबिना दुई तिहाई मत नपुग्ने भएपछि संशोधन प्रस्ताव विफल हुने निश्चित छ । त्यसपछि राष्ट्रिय जनता पार्टीले के गर्ने ? राजपा बिना नै दोस्रो चरणको निर्वाचन तोकिएकै मितिमा हुने कि नहुने यी यस्ता प्रश्न छन् । जसको उत्तरको अनुमान गर्न सकिने अवस्था छैन । राष्ट्रिय जनता पार्टीलाई प्रधानमन्त्रीले जेठ ४ गतेमा संविधान संशोधन गर्न दिएको अन्तिम म्याद टरिसकेको छ । पुष्पकमल दाहाल प्रचण्डले देउवालाई सरकार हस्तान्तरण गर्न जेठ ८ गते राजीनामा दिने तयारीको बारेमा पनि सञ्चारमाध्यमले चर्चा गरिरहेको अवस्थामा राजपासँग दुई वटा विकल्प मात्रै बाँकी रहने अवस्था देखिन्छ । एउटा संशोधनको अडान थाती राखेर निर्वाचनको तयारी गर्ने र अर्को संशोधनको अडान कायमै राख्दै आन्दोलनको तयारीमा लाग्ने ।

प्रथम चरणको चुनाव जुन अन्योलको परिस्थितिमा भयो, त्यसले मतदातामा पनि निकै अन्यौलता आएको बुझिन्छ । परिणाम पनि धमिल्याएर माछा मार्नेको पक्षमा आएको देखिन्छ । तीन वटा पार्टीका चुनाव चिन्ह बाहेक अन्य चिन्ह लिएका दलहरू र अझ स्वतन्त्र चुनाव चिन्हको बारेमा मतदाता साह्रै नै दिग्भ्रमित रहेको बुझिन्छ । स्वतन्त्र चुनाव चिन्हको छनोट गर्ने क्रममा र १० प्रतिशत मतहरू बदर हुन पुगेका देखिन्छन् । जुन प्रतिकुल परिणामका निम्ति निर्णायक बन्न पुग्यो । यस्तो परि स्थितिको निम्ति निर्वाचन आयोगका साथै तीन ठूला दल जिम्मेवार छन् । जसले लोकतान्त्रिक मान्यताअनुसार चुनाव लड्ने पार्टी दर्ता गराई पार्टी पहिचान गराउने चुनाव चिन्ह बेलैमा पाउनबाट बञ्चित गरे । मतपत्रको ढाँचा यति अवैज्ञानिक छ कि पढेलेखेका मतदातालाई पनि चिन्ह फेला पार्न प्राय ८ देखि १० मिनेटको समय लाउने गऱ्यो । अनपढ र आँखा कमजोर भएका मतदाताहरूले त आफूले चाहेको चिन्ह नभेट्टाएर अन्दाजीको भरमा छाप हानेको घटनाहरू पनि सुनिए । चुनाव भनेको जनताले आफ्नो प्रतिनिधि निर्भिक स्वतन्त्र र आफ्नो विवेकको प्रयोग गरेर छान्ने प्रक्रिया हो । र जनताले जस कसैलाई छानेपनि जिम्मेवारी बहनको निम्ति हो । हारजितको कुरो हुँदैन । तर चुनावी दृश्य हेर्दा त्यस्तो लाग्दैन । चुनावमा उम्मेदवारले युद्धमैदानमा झै चुनाव जित्नै पर्ने पार्टीले आफ्नो नीति, सिद्धान्त र कार्यक्रमको घोषणा गरेर जनतालाई स्पष्ट पार्नुभन्दा बल र स्रोत साधनको दुरूपयोग गरेर छल, बल र कलको नीतिमा उभिने भद्दा र विकृत दृश्य मञ्चन हुँदा चुनावप्रतिको विश्वास खण्डित हुन्छ । हुन तः संसदीय परम्परामा यस्ता घटनालाई स्वाभाविक मानिन्छ । किनकि खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने बजार हो यो । पहिलो चरणको चुनावमा ठूला भनिएका पार्टीहरूले गरेका चुनावी गठबन्धन पनि गजबकै देखियो । पार्टीको नीति, सिद्धान्त र कार्यक्रम मिल्नेसँग गठबन्धन हुनु स्वाभाविक हुन्छ । तर राप्रपा-एमाले, नेका-माओवादी केन्द्र, वा त्यस्तै गठबन्धन जसरी पनि चुनाव जित्ने उद्देश्यका साथ बनेको देखियो । पार्टीको घोषणापत्र त मात्र देखाउने दाँतबाहेक कुनै कामको रहेन । चुनावकै बारेमा निष्कर्ष दिनुपर्दा संविधान कार्यान्वयनका निम्ति भनिएझै कालो संविधानको छायाँ स्थानीय तहको चुनावमा पनि परेको स्पष्ट देखिन्छ ।

# आर्टिफिसियल इन्टेलिजेन्स र यसका वास्तविक जोखिमहरू



प्रतीक सिग्देल

*स्वचालित हातहतियारहरू देखि लिएर रेस्टुरेण्टमा खाना सर्भ गर्ने रोबेटहरू, खेतबारीमा खेती गर्ने अत्याधुनिक मेसिनहरू लगायतका यन्त्रहरू वौद्धिक प्रज्ञा भित्र पर्दछन् । निःसन्देह, यी मेसिनहरूलाई बनाउने हामी जस्तै मानिसहरू नै हुन् । तर मानिसहरूले बनाएको मेसिनले नै स्वयमं मानव जातिकै अस्तित्व खतरामा पारेको छ ।*




आर्टिफिसियल इन्टेलिजेन्स, अर्थात कृत्रिम प्रज्ञा, मानव निर्मित यन्त्रहरूद्वारा सञ्चालित प्रज्ञा हो । यो कम्प्युटर विज्ञानको एउटा क्षेत्र हो जसले आम मानिसले जस्तै व्यवहार गर्ने, प्रतिक्रिया गर्ने वौद्धिक मेसिनहरूको निर्माण गर्ने कुरामा जोड दिन्छ । वर्तमान युगमा प्रविधिले मारेको गुणात्मक फड्कोका कारण यस्ता मेसिनहरू बने कि जुन देख्दा मानिस जस्तो मात्रै होइन काम पनि आम मानिसले जस्तै गर्न सक्दछन् । यस्ता मेसिनलाई नयाँ पुस्ताका मानिस पनि भन्ने गरिन्छ । तर जे होस, यस्ता रोबोटहरूले मानिसका आफ्ना कामहरू सम्पन्न गर्न जति सहयोग गरेको छ त्यसरी नै यसले मानव जातिकै अस्तित्वमाथि पनि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ ।

कृत्रिम प्रज्ञा कम्प्युटर प्रविधिको पछिल्लो कडी हो । यसले विश्वलाई दिन सक्ने फाइदा त छँदै छ तर त्यो भन्दा बढि मात्रामा समस्या दिन्छ भन्ने कुरामा पनि उत्तिकै सतर्क हुनु पर्दछ । योसँग विश्व व्यवस्थालाई सन्तुलित बनाइराख्ने या भंग गर्ने समार्थ्य रहन्छ । कृत्रिम प्रज्ञाले गरिबी निर्मूल पनि पार्न सक्छ र क्रियाशील नभएका संस्थाहरूलाई सही ढंगले रूपान्तरण गर्न सक्छ अथवा यसले अन्याय र असमानतालाई पनि स्थापित गराउन सक्छ । तर यसको नतिजा भने भविष्यमा हुने परिवर्तनहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेमा भर पर्छ ।

दुर्भाग्यवश, प्राविधिक क्रान्तिहरूलाई व्यवस्थापन गर्ने कुरामा बरु मानवताकै रेकर्ड कमजोर छ । मानौ इन्टरनेट । यसले हामी कसरी सूचना आदान प्रदान गर्छौं, कसरी काम गर्छौं, र आफूले आफूलाई कसरी नियन्त्रण गर्छौं भन्ने कुरामा एकदम गहिरो गरी प्रभाव पार्दछ । इन्टरनेटका कारण मानव मानव बीचको दुरी झन् बढ्दै छ । नजिक नजिकका मानिसहरू बरु एक अर्कासँग त्यति सम्पर्क गर्दैनन् जति उनीहरू इन्टरनेटको माध्यमबाट भौतिक रूपमा टाढा भएका मानिहरूसँग गर्दछन् । मानिस मानिस बीचको सहकार्य, अन्तरिक्रया, व्यवहार एकदम परिवर्तन हुदैछ । यसका कारणले कतै मानवता नै हराउने त होइन, अथवा मानव जातिमा हुने भावनालाई समाप्त पार्ने त होइन, समस्या यसमै अडिकएको छ ।

तर इन्टरनेटले मानिसहरूले सोचेजस्तो वृहत रूपान्तरण भने ल्याएको छैन । यसले केही ठूला समस्याहरू समाधान गर्न सकेन । संसारको सबैभन्दा समस्याको रूपमा रहेको गरिबी हो । कृत्रिम प्रज्ञाले गरिबी निर्मूल पार्न सकेन । मंगल ग्रहमा बस्ती बसाउन सकिने तथ्य वैज्ञानिकहरूले पत्ता लगाइसक्दा पनि बर्षेनी कुपोषणबाट मर्ने लाखौ बच्चाहरूको जीविन बचाउने काममा यो प्रविधीलाई मानिसले प्रयोग गर्न सकेन । यस्ता यावत समस्या कृत्रिम प्रज्ञाले गर्न सकेन, सकेको छैन । अमेरिकन अनलाईन कम्पनी पे पल का सह संस्थापक पिटर थिलले ट्विटरमा लेख्न सकिने १४० शब्दको सीमालाई व्यंग गर्दै कुनै बेला भनेका थिए, "हामीलाई उड्ने कार चाहिएको थियो, तर हामीले १४० शब्द पायौं ।"

यथार्थमा, इन्टरनेटले जति समस्या हल गर्नुपर्ने हो त्यो सकेन, तर ठिक उल्टो झन् हाम्रा समस्याहरूलाई केही हदसम्म अझ गहिरो बनाइदिएको छ । यसले सामान्य मानिसहरूलाई विभिन्न खाले अवसर प्रदान त गरेको छ, तर यसले धनी र शक्तिशाली मानिसहरूलाई पनि त्यत्तिकै मात्रामा अवसर दिएको छ । अझ भनौं, धनी गरीब बीचको खाडललाई अझ तीब्र बनाउन इन्टरनेटको ठूलो भूमिका छ । नयाँ अनुसन्धानका अनुसार समाजमा असमानता वढाउनुमा इन्टरनेटको ठूलो भूमिका रहेको छ । उच्च आम्दानी भएका मानसिहरूलाई अनलाइनबाटै अझ धेरै फाइदा हुने भएकाले पनि उनीहरू अझै धनी हुने र इन्टरनेटमा पहुँच नै नभएका र जानकारी नै नभएकाहरू ले त्यसको फाइदा उठाउन नसक्ने भएकाले पनि समस्या अरु टड्कारो बनेको छ । यही कारणले धनी र गरीब बीचको दूरी त्यही अनुसार गएको उक्त अनुसन्धानको निष्कर्ष छ । त्यसैले इन्टरनेटको परिचालन सही ढंगले गर्न सकियो भने यसले समस्याको समाधान पक्कै पनि गर्नेछ ।

तर, वास्तवमा कृत्रिम प्रज्ञामा आएको क्रान्तिले हामिले खोजेको परिवर्तन दिने सामर्थ्य राख्दछ । हाम्रा दैनिक जीवनमा आइपर्ने कामहरूलाई यसले धेरै हदसम्म सजिलो बनाएको छ । यसले आँफै चल्ने गाडीहरू, स्वचालित हतियारहरू, व्यक्तिगत सहयोगीहरूका साथसाथै मानिसहरूका काममा सहयोगी हात बनेर आएको छ । यसले हाम्रो जीवनलाई नयाँ आकृति प्रदान गरेको छ । यसको क्षमता यति छ कि यसले सामाजिक, आर्थिक र राजनैतिक रूपान्तरणलाई स्थापित बनाउँछ जसको बारेमा हामीले अहिलेसम्म बुझ्न सकेका छैनौं । कृत्रिम प्रज्ञा कुनै नयाँ उद्योग बन्ने छैन बरु यसले पहिले नै अस्तित्वमा रहेका केही उद्योगहरू भित्र छिरेर त्यसलाई स्थायी रूपले बदल्ने पक्का छ । यसले मानव जीवनलाई परिवर्तन गर्दैन, तर यसले मानव हुनुको अर्थ र सीमाहरूलाई भने अवश्य परिवर्तन गर्ने छ ।

कृत्रिम वुद्धिले यस्तो रूपान्तरण कहिले र कसरी गर्छ अनि यसबाट पर्ने दुरगामी असरहरूलाई कसरी व्यवस्थापन गर्छ भन्ने कुराले अहिलेका नीति निर्माताहरू र विद्वानहरूको नीद हराम गराएको छ । यसले मानव जातिको समस्याको समाधान गर्ने अपेक्षा त लिइएको छ तर सँगसँगै सिँगो मानव जातिको अस्तित्वको बारेमा पनि यसले प्रश्न चिन्ह खडा गरेको छ । अहिलेका जीवित वैज्ञानिक स्टेफन हकिङ्गस ले यो कृत्रिम प्रज्ञा र यसले पृथ्वीमा पार्ने असरका बारेमा डरलाग्दो भविष्यवाणी गरेका छन् । उनले मानिहरूलाई दुइवटा विकल्प दिएका छन्, १) कि त यो पृथ्वी छाडेर अर्को ग्रहमा बस्ती बसाउ, २) कि त आफ्नो अस्तित्व लोप हुन देउ । उनका अनुसार जलवायु परिवर्तन, परमाणु युद्धका कारण हुने ध्वंश र प्रविधिको विकासले यो पृथ्वी अबको सय बर्षसम्ममा ध्वंश हुनेछ र सम्पूर्ण मानव जातिको लोप हुनेछ । उनको भविष्यवाणी कत्तिको सत्य हो र साँच्चै त्यस्तै हुन्छ भन्ने कुरा त समयले नै बताउला, तर उनको कुरालाई त्यत्तिकै नकार्न पनि सकिदैन । त्यतातिर सबैले ध्यान दिन जरुरी छ ।

स्वचालित हातहतियारहरू देखि लिएर रेस्टुरेण्टमा खाना सर्भ गर्ने रोबेटहरू, खेतबारीमा खेती गर्ने अत्याधुनिक मेसिनहरू लगायतका यन्त्रहरू वौद्धिक प्रज्ञा भित्र पर्दछन् । निःसन्देह, यी मेसिनहरूलाई बनाउने हामी जस्तै मानिसहरू नै हुन् । तर मानिसहरूले बनाएको मेसिनले नै स्वयमं मानव जातिकै अस्तित्व खतरामा पारेको छ । यस्ता मेसिनहरूले मानिसहरूको रोजगार विस्थापन गर्दैछ । मानिस मानिस बीचको दुरीलाई अझ बढाउँदै लगिरहेको छ । यदि बेरोजगारीहरूको संख्यामा वृद्धि भयो भने हत्या, हिंसा, लुटपाट जस्ता जघन्य अपराधहरूको सिर्जना हुन्छ । मानिस मानिस बीचको सामीप्यता कम हुदै जाने हो भने मानवता पनि स्वतः हराएर जानेछ ।


तर यहाँ केही गम्भीर प्रश्नहरू उठ्छन् । के यी सबै समस्याका कारण प्रविधि नै हो त ? के प्रविधिले समस्याको समाधान गर्दैन ? कदापि होइन । यसले समस्याको समाधान पक्कै पनि गर्छ । पहिले असम्भव मानिएका धेरै जसो कामहरू मेसिनको प्रयोगबाट सम्भव भएका छन् । किनभने प्रविधिको विकास भनेको उत्पादक शक्तिको विकास हो । तर यस्ता समस्याको समाधान गर्ने कुरा प्रविधिलाई कसरी र कसको हितमा प्रयोग गर्ने भन्ने कुरामा भर पर्दछ । यसको व्यवस्थापन उचित ढंगले गर्न सकियो भने प्रविधिको विकासबाट जो पीडित छ त्यसैलाई राहत मिल्नेछ । यदि यस्ता मेसिनहरू सीमित पूँजीपतिहरू र केही सम्भ्रान्त वर्गको हातमा गयो र उनीहरूको फाइदा अनुसार यस्ता मेसिनहरूको प्रयोग हुन थाल्यो भने यसले उत्पीडित वर्ग लाई अझ उत्पीडन गर्नेछ । त्यसैले, यस्ता मेसिनहरूका कारण जुन श्रमजीवी वर्गको श्रम खोसिएको छ त्यही वर्गको सत्ताको मातहतमा यस्ता मेसिनहरूको व्यवस्थापन गर्न सकिन्छ । अनि मात्र यसले आम मानव जातको पक्षमा काम गर्नेछ । होइन भने धनीलाई अझ धनी बनाएर धनी र गरीब बीचको जुन डरलाग्दो खाडल छ त्यसलाई झन गहिरो बनाउँछ । त्यसपछिको परिणाम हाम्रो कल्पना भन्दा धेरै खतरनाक हुनेछ ।

अब अर्को प्रश्न उठ्छ । प्रविधिको नियन्त्रण गर्ने परिस्थिति कतिबेला आउँछ त ? यो राज्यसत्ता कुन वर्गको हातमा छ भन्ने कुरा संग सम्बन्धित छ । जतिबेलासम्म सत्ता पुँजीपतिहरूको हातमा हुन्छ त्यो बेला पूजीपतिहरूले प्रविधिलाई आफ्नो आर्थिक फाईदाको निमित्त प्रयोग गर्दछन । त्यतिबेला यस्ता मेसिनहरू आम मानव हितका लागि प्रयोग हुदैनन् बरु त्यसले जनविरोधी परिणाम ल्याउन सक्छ । यसले केही सीमित वर्गलाई मात्र फाइदा दिनेछ । तर श्रमजीवि वर्गको सत्ता स्थापना भयो भने त्यो बेला प्रविधीलाई नाफाको घेरामा होईन कि आम मानव जातिको हितमा प्रयोग हुन्छ र मेसिनहरूको सही सदुपयोग हुनेछ । प्रविधिलाई केही सम्भ्रान्त वर्गको हातमा सुम्पेर एक सीमित वर्गलाई मात्र अझ फाइदा हुन दिने कि, सर्वहारा वर्गको मातहतमा यस्ता प्रविधिको उपयोग हुने स्थिति पैदा गरेर प्रविधीलाई मानव जातिको सेवक बनाउने ? प्रश्न यहाँ केन्द्रित छ । प्रविधी अफैमा सही वा गलत भन्ने हुदैन, कुन वर्गले त्यसको प्रयोग गर्ने अधिकार राख्छ भन्नेमा त्यो निर्धारित हुन्छ । अहिलेका क्रान्तिकारीहरू र परिवर्तनका पक्षधरहरूले यो विषयमा गम्भीर भएर सोच्न जरुरी छ ।

## सामाजिक सञ्जाल



*कंग्रेसले राजपालाई चुनाव चिन्ह दिलाउन मिल्ने, प्रचण्डले देशभक्त जनगणतान्त्रिक मोर्चा, नयाँ शक्ति लगाएतका दललाई उपलब्ध गराउन नमिल्ने पनि हुँदो रैछ राजनितिमा।।* – **सुरेश गौतम**



*दोस्रो चरणको स्थानीय तहको निर्वाचन दशैंपछि गरियोस्, यही चुनावको मत गन्न दशैंसम्म लाग्ने देखियो, अरू दशैं मनाउन घर जाँदा परिणाम सुनिदिने कोही होला जस्तो छैन । जेठको चुनावको मतगणना अर्को फागुन तिर चाँही सकिन्छ होला, माघसम्ममा तीनवटै तहको निर्वाचन गर्नुछ ।* – **केशरमणि कटुवाल**



*ज्ञानेन्द्रको निरंकुशताविरोधी आन्दोलनमा स्वयं गिरिजा-माकुनेको नेतृत्वमा २५ जनामान्छे सडकमा निकाल्न नसक्ने कांग्रेस-एमाले पार्टीले चुनाव जितेको देख्दा 'प्रतिक्रियावादी राज्यसत्ताअन्तर्गतको चुनावले वास्तविक जनमतको अभिव्यक्त गर्दैन' भन्ने मार्क्शबादी विश्लेषण फेरि एकपटक पुस्टि भएको अनुभूति भैरहेछ !*– **खगेन्द्र छन्त्याल**



*अहिले टिकापुरको मुद्दा फिर्ता प्रकरन चर्चामा छ। थारु आन्दोलनको विरुद्ध त्यहाँको प्रहरीको सत्तापक्षिय प्रतिआन्दोलनकारी भुमिकाको प्रतिरोध थियो टिकापुर घटना । उक्त घटनामा प्रहरी लगायतको मृत्यु दुस्खद थियो भन्ने उक्त घटना पछिको साइलेण्ट मेसेकर किसिमको जुन दमन भो त्यो अक्षम्य महाअपराध हो ।यसको मुल्य संबंधितले भविष्यमा चुकाउनु पर्ने हुनसक्छ । बेलैमा होस गरौं । ।* – **यादव शिवराम**



*अहिल्यै भन्दा त अलि छिटो होला, रातारात दुई वटा टोलमा १०र१० बोरा सिमेन्ट र घर घरमा गएर प्रति मतदाता ५०० रुपियाँ बाँडेको खेर जान्छ कि क्याहो ? प्रारम्भिक मत परिणाम त्यही भन्छ त !* – **ओम हमाल**



*यो चुनावबाट के कुरा स्पष्ट भो भने सहरिया मध्यम र पुँजीपति वर्गले माओवादी इभन नयाँ शक्ति समेतलाई पनि आफ्नो वर्ग मान्दैन। त्यसैले माओवादीको नाम र छाप परेका कुनैलाई पनि मतदान गरेनन् । त्यसैले माओवादीहरू आफ्नो वर्ग र विचारमा फर्क । जस्लाई तिमी आफ्नो बनाउन प्रयत्न गर्दैछौ,त्यो व्यर्थ देखियो। राजनीतिमा वर्गआधार , विचार ,सिद्धान्त , निष्ठा र जीवन शैली नै मुख्य कुरा रहेछ ।* – **गणेश चितौरे**



*जर्मनीमा सन् १९३० देखि १९४५ को बीचमा हिटलरका आततायी कानून र क्रुर व्यवस्थाका कारण धेरै बौद्धिक व्यक्तित्वहरू शरणार्थीका रूपमा अमेरिका र युरोपमा अन्य देशमा पलायन भए। नेपालमा पनि अब त्यही अवस्था आउदैछ, बेलैमा प्रचण्ड, शेरबहादुर जस्ता व्यक्तिका निरंकुश शासनमा अंकुश नलगाउने हो भने ।* **अमृत खरेल**



*चुनावमा हारे पनि हाम्रो एजेण्डाले जित्यो भन्छन् माओवादीहरू ! मैले बुझेसम्म माओवादीको एजेण्डा त संविधान संशोधन हैन र भन्या ?* – **काफ्ले ईश्वरी**



*स्थानीय निर्वाचनमा एमाले र कांग्रेसको बहुमत आएको देख्दा म त धेरै खुशी छु। किनभने अब नेपालीको आमदानी ५००० डलर हुनेछ। मेट्रो र पानीजहाज बन्नेछ। नेपाली हरूलाई विदेश जानुपर्ने छैन । अब विदेशी वस्तु प्रयोग गर्नु पर्दैन । देश आत्मनिर्भर हुनेछ रे ? तर घोषणा पत्रको कागजमा मात्र सीमित ?* - **श्याम गिरी**



*जित्नेले नि मात्तिनु पर्दैन, हार्नेले पनि आत्तिनु पर्दैन.....जनतालाई काम गरेर देखाउने हो । राम्रो काम गर्नुस् !* – **गीता चिमोरिया**



*पहिलो स्थानीय निर्वाचनमा जनताले दिएको मतलाई सम्मान गर्न जरुरी छ । एक वर्षे पार्टीले समृद्धिको नारा दिएको भरमा चुनाव जितेन भनेर रुवाबासी गर्नु सही होइन । स्काईप र फेसबुक चलाएर पार्टीलाई पहिलो बन्नुपर्ने तर्कले राजनीतिक पार्टीलाई आकाशको फलजस्तो बनाउँछ। त्यसैले त्याग गरौं, जनतालाई आफ्नो पक्षमा पार्न गम्भीरताको साथ लागि परौ ।* - **कुमार पौडेल**

# संसदवादी चुनावी संस्कृतिका केही परिदृश्यहरू



ईश्वरचन्द्र ज्ञवाली

**जब देशको हित र स्वार्थ, स्वाभिमान र स्वाधीनताको विषय आउँछ उनीहरू टुक्राटुक्रामा विभाजित हुन्छन्। यहाँसम्म कि गुटभित्र पनि अर्को गुट खडा हुन्छ। यो के हो ? यही देशभक्ति हो ? यही हो राष्ट्रवाद ? तसर्थ देशको भविष्यको निम्ति अहिले जेजस्तो चुनावी सँस्कृति देखा पऱ्यो, यही आगामी चुनावहरूमा पनि कायम रहे देश अन्धकार भविष्यतर्फ जाने निश्चित छ।**

काँग्रेस र एमाले, जनमोर्चा र राप्रपा, मजदूर किसान पार्टी र अरुहरू ०४७ देखि नै संसदीय चुनाव अभ्यासमा प्रयोग गरिने हरेक तिकडम, हरकत, षडयन्त्र, छलछाम, नक्कली मतदान, साम-दाम-दण्ड-भेद, धनबल र बाहुबल आदि प्रयोग गर्न पूर्णतः दक्ष, उत्तीर्ण र सफल हुँदै आएका छन् । यस मानेमा माओवादी केन्द्र केही कमजोर, सिकारु र असफल देखिएको छ र सिक्दै छ । वस्तुतः संसदीय चुनाव चोर र छल सँस्कृति हो । यसमा छलछाम, कपट, धुर्त्याइँ, बेइमानी, ठगी, अपराध, विकृति, नीच हरकत आदि सबै कुराको प्रयोग हुन्छ । मत किन्ने र बेच्ने कुरा लिलाम बढाबढमा जान्छ । दादा र गुण्डाहरूलाई जनतामाथि दबाव, घुर्की, दादागिरी, फकाइ-फुलाइ, नमानेपछि धम्की, माने मान नमाने....मा पूरापूर प्रयोग गरिन्छ । रक्सी, मासु, भोज, भतेरमा लठ्याइन्छ । भित्रभित्र खाममा पैसा बाँडिन्छ । जसले सबभन्दा बढी आचार संहिता उल्लङ्घन गर्छ उसैले कोकोहोलो हाल्छ । सबैखाले नीचता र निकृष्टता संसदीय चुनावको धर्म र मापदण्ड हो । त्यस्तै 'जुन तारा' झारिदिने आश्वासन बाँडेर आँखामा छारो र दिल-दिमागमा भ्रम पैदा नगरे संसदीय चुनावै हुन्न । 'मनी र मसल' त छँदैछ सत्ता, भत्ता, मत्ताको प्रयोग (दुरूपयोग) पनि हुन्छ । गँजडीको गफ गर्ने अखडामा खसीको टाउको देखाएर कुकुरको मासु बेच्न पल्केका झुटको खेती गर्ने नायकहरू प्रवेश गर्न र जुवाको खालमा सामेल हुन अनि भ्रष्टाचारको अकुत सम्पत्ति सोहोर्न जसरी पनि, मरेर-मारेर पनि जित्ने योजना बुन्छन् । निस्वार्थ भावले जनताको सेवा गर्न जाने भए, कमाउन होइन गुमाउन जाने भए यतिविधि मरिहत्ते हाल्नु आवश्यक नै हुन्न । त्यो त लुट्न जाने थलो हो । जति चुनावमा खर्च गर्छन् त्यो त उनको ठुलो राजनैतिक व्यवसायमा लगानी हो । भोलि जितेपछि त्यस लगानीको सय गुणा बढी असुल उपर गर्न नै त्यो लगानी गरिएको हो । जनताले बुझ्नुपर्थ्यो-जसले बढी लगानी गर्छ त्यसैले बढी भ्रष्टाचार गर्छ-तर यो तथ्यलाई नै भ्रमित बनाइएको छ । एक गिलाँस रक्सी र एक प्लेट मासुमा नैतिकता नै बेच्ने सँस्कृतिका अँगाडि यस्तो चेत खुल्दैन । यस पटक चुनाव उपयोगका क्रममा मैरै आँखाले देखें काँग्रेस, एमाले आदिले पैसाको खाम बाँडेर परिचय पत्र किनेको । चुनावका दिन माछा, कुखुरा, खसी, राँगाको मासु भ्यानका भ्यान ओसारेको र तिनका विविध परिकार सहित जसले जे खान्छ चुनाव केन्द्र छेउँमै खुल्ला सदावर्त भतेर लाएको पनि यिनै आँखाले देख्नु पऱ्यो । भित्रभित्र रातारात केके गरियो त्यसको त थाहा-पत्तै छैन । यी त खुला गतिविधि मात्र थिए । कसैकसैलाई घर र घडेरीको आश्वासन बाँडेको, कसैलाई जागिरको सुनिश्चितता गरेको, कसैलाई ठेक्का मिलाइदिने वचनवद्धता गरेको त के कुरा गर्नु । अझ भाषणमा गाउँ र वडासम्म चार लेनको पिच बाटो, आकाशे पुल, 'चाइल्ड फन पार्क' पालिका-हस्पिटल, राष्ट्रिय स्तरको खेल मैदान, बनभोज पार्क, युवालाई हरित उद्यान, बोर्डिङ्मा निशुल्क पढाइ सबैसबै बनाइ दिने घोषणा गरेको कुरा अर्कै छ । अरे, जहाँ एक रोपनी सार्वजनिक जग्गा छैन, भएको पनि हिंजो तिनैले घुस खाएर माफियालाई दिए, ३ फुटे गल्लीको निकास निकाल्न मारामार हुन्छ र बनेको पुल चालु गर्न दशवर्ष लाग्छ त्यहाँ यस्ता मनगढन्ते कल्पना र तिलस्मी कुराले जनताको दिमाग भुट्नु जादु नभए के हो ? जुन पार्टी भ्रष्टाचार, तस्करी, कमिसन, घुस, लुटखसोट, व्यक्तिगत स्वार्थ र शोषण-ठगीमा हिंजो सबभन्दा माहिर प्रमाणित भइसकेको छ र देशलाई संस्थागत लुटबाट तवाह र क्षतविक्षत गरिरहेछ त्यसैले यस्ता ठूला कुरा गरेर, भए नभएका आश्वासन बाँडेर, जनताका आँखामा छारो हाल्नु कस्तो नैतिकता हो ?

हामीले देख्यौं हिंजो सम्विधान सभाको चुनावी घोषणा पत्रमा जारी गरेका प्रतिबद्धताको एउटा मात्रै बुँदा पनि चुनाव जितेपछि लागु भएन । यो प्रतिबद्धताको कागजको खोस्टे सँस्कृति ०४७ देखि नै लागु हुँदै आएको छ । जुन कहिल्यै व्यवहारमा भने लागु भएन । त्यही झुटको पुलिन्दा बाँडेर, भ्रमको खेती गरेर, जनताका आँखामा आश्वासनको छारो हालेर जित्ने र जितेपछि देश र जनतालाई लुट्दै भ्रष्टाचारको माकुरे-जालो फैलाएर जनतालाई फँसाउने र फरक र परोक्ष रूपमा तिनैको रगत तन्तनी पिएर किर्नो झैं मोटाउने पार्टीहरूको खेल अचम्मको छ । ०४८-०५८ सम्मको एमाले काँग्रेस संसदीय अभ्यासले पजेरो सँस्कृति, पुरुषको सुत्केरी सुविधा, भ्रष्टाचार तन्त्र, लुट, ठगी र बेइमानीको सँस्कृतिलाई सँस्थागत गरेकै हो । होटेलहरूमा सभासद-भेंडाबाख्रा किनेर थुनेको वा सिंगापुर सयरको व्यवस्थाका साथै राज्यकोषबाट सुरा-सुन्दरीको व्यवस्था गरेकै हो । बीसवटा मन्त्रालय फोरेर ५२ वटा बनाई आफ्ना भरौटेलाई भाग पुराएकै हो । सभासद्को तलव, भत्ता र सुविधा थप्न सधै एकगठ हुने होडबाजी चलाएकै हो । ०४६ देखि आजसम्म सत्तामा कैयौं वर्ष राज गर्नेले के गरे ? जगजाहेर छ । हो, त्यसवीचमा महाकाली बेचियो, टनकपुर सुम्पिइयो, कर्णाली बेचियो, माथिल्लो मर्स्याङ्दी र अरुण-३ मालिकलाई सौगात चढाइयो । देशका हजारौ सीमास्तम्भ गायब भए र करिब ९२ हजार वर्ग हेक्टर जमिन भारतमा मिसिएको छ तर यी




संसदवादी दलाल र दासहरूले कहिल्यै त्यसविरुद्ध आवाजसम्म उठाएनन् । नत त्यसबारे एक शब्द बोले । बरु त्यसमै मौन सम्मत भए । आफ्नो भत्ता, तलब, सुविधा, खानपीन थप्न र बढाउन सधै एकमत हुनेहरू देशको हितरक्षामा कहिल्यै एकमत भएनन् । देशका नदीनाला बेच्दा पार्टी फुटेर गएको इतिहास समेत साक्षी छ । भ्रष्टाचारमा पनि यिनमा सधै एकमत हुन्छ । कोही विरोधमा बोल्दैन । पालैपालो भ्रष्टाचार गर्ने भएका कारण यस्तो भएको हो । जब संस्थागत कमिसनको कुरा आउँछ उनीहरू एकमत भएर प्रस्तुत हुन्छन् । जस्तो कुलमान घिसिङको ताजा सरुवा प्रकरणमा जेनरेटर, ब्याटरी, इन्भर्टर, सोलार आदि कम्पनीहरूसंग २९ करोड घुस लिने र असहमत हुने कुलमानलाई त्रिसुली कार्यालयमा पुऱ्याउने काममा राधा ज्ञवालीलाई एमालेले पार्टीगत निर्णयद्धारा अघि सारेको स्पष्टै छ । १८ घण्टा 'लोडसेडिंग' कायम राख्नकै लागि उनलाई त्यो घुस दिइएको थियो र कुलमानलाई गलहत्याइएको थियो । यो दिउँसोको घाम झैं छर्लङ्ग छ । त्यसैले 'लेड बल्ब' प्रकरणको झुटो मुद्दा उठाएर एमालेका पत्रकार, पत्रिकाहरू, सञ्चार माध्यम, सामाजिक सञ्जाल, एनजीओहरू कुलमानको बदनाम गर्न न्वारनको बल लाएर पछि लागे । अन्ततः त्यो झुट थियो र झुट नै साबित भयो । यस्ता संस्थागत भ्रष्टाचारका हजारौं उदाहरण छन् । यस्तो संस्थागत भ्रष्टाचार गर्ने र व्यक्तिलाई वलिको बोको बनाउनेमा एमालेहरू सधै माहिर रहिआएका छन् । यस प्रकरणमा राधा ज्ञवाली वलिको बोको बनिन्, जसरी ईश्वर पोखरेल टङ्कीमा पैसा प्रकरणमा वलिको बोको बनाइएका थिए या गृहमन्त्री छँदा वामदेव गौतमलाई संस्थागत घुस उठाउन लगाएर पछि सार्वजनिक मञ्चबाट भ्रष्टाचारी करार गरिएको थियो । हङ्गकङ्ग राना पनि त्यस्तै वलीका बोका भए । अझ देवी ओझा, मोदनाथ प्रश्रित वा कृषिमन्त्री पोखरेलहरू पनि । उनीहरू एक्लैको साहसले त्यो काम गरेकै हैनन् ।

देशको कर्मचारी तन्त्रमा ४५ प्रतिशत एमाले कर्मचारी छन् । तर तिनै सबभन्दा भ्रष्ट, घुसखोर, अनैतिक र अनियमितता गर्ने छन् । अनैतिक कामका लागि गलत निर्णय गराउन र गोप्यतालाई हल्लामा लैजान तिनै सिपालु छन् । देशका गोप्य र आन्तरिक कुरा बेचेर कमाउने पनि तिनै हुन् र तिनैले देशका स्वार्थ विपरीत राष्ट्रघाती एजेण्डा अनेक जालप्रपञ्चद्वारा मन्त्री र सरकारहरूलाई प्रभावित पार्दै र दवाव सिर्जना गर्दै पारित गराउँछन् । काँग्रेसका पनि त्यस्तै छन् ।

यो संसदीय चुनावी सँस्कृतिले देश पुनः प्रतिगमनतर्फ फर्केको देखिन्छ । आफूलाई नक्कली राष्ट्रवादका नाममा पूर्वराजा र उनको दलसँग घाँटी जोड्नु घोर दक्षिणपन्थी पश्चगामी यात्रा हो । यो प्रतिगामी र एमाले वीचको आन्तरिक साँठगाँठको परिणाम हो । नक्कली राष्ट्रवादले पहाड-मधेस, उच्चजाति-जनजाति, पहाडिया-थारु-मुस्लिमका वीच तीव्र विभेदरेखा खिंचेर झगडा चर्काएको छ । जसले भविष्यमा जातीय र साम्प्रदायिक दंगालाई मलजल गर्दै जाने र देश नै टुक्रिन सक्ने स्थिति सिर्जना गर्न सक्छ । थारु र मुस्लिमलाई चिडाएर र उनीहरूलाई पक्षपातपूर्ण दमन गरेर मधेसी दलसँग टाँसिन विवश गर्ने काम नक्कली राष्ट्रवाद थियो । जो देशको हितमा छैन । यसले रुवाण्डामा हुटु र तुत्सीको झैं जातीय हिंसामा देशलाई धकेल्न भूमिका खेल्न सक्छ । अर्कोतर्फ कांग्रेस र माओवादी केन्द्रको मिलनले पनि जब्बर प्रतिक्रियावादलाई झन् मौलाउन मलजल गरेको छ । 'हँसिया हतौडामा भोट हाल्न परे हातै काट्ने' संकल्प गर्ने कट्टर प्रतिक्रियावादी काँग्रेसीसँग घाँटी जोडेर चुनावी जीतको दौडमा सबै आफ्ना मूल्य र मान्यता भंग गर्ने सँस्कृति अनैतिक, निकृष्ट र नीच संसदीय चरित्रको पूर्वाभ्यास हो । यसरी राजापरस्त र विस्तारवादपरस्तहरू वीचको गठजोडले देशको प्रगतिशील चरित्रलाई धराशायी बनाएको छ । हारे के बिग्रन्छ ? तर जित्न जे पनि गर्ने संसदीय अभ्यासको यो चारित्रिक र नैतिक पतनको जानेमाने अभ्यास र सँस्कार नै हो । यसरी फेरि भ्रष्टाचार, गुण्डागर्दी, कमिसनखोरी, लुटखसोट, संस्थागत भ्रष्टाचार, व्यक्ति, गुट र दलको मात्र घ्याम्पो भर्ने खेलको जालोमा फँस्न पुगेको छ-देश आजको चुनावी सँस्कृतिले । सीमित दलहरूको सिण्डिकेट कायम गर्न निर्वाचन आयोगलाई समेत संसदीय दलले उपयोग गरे । आयोग पनि उपयोग भयो । आफ्ना विरोधी दलहरूलाई चिन्हबाटै वञ्चित गऱ्यो-उत्कृष्ट प्रजातन्त्रले । धिक्कार छ यो लोकतन्त्रलाई जसले 'प्रतिस्पर्धा र खुल्ला' नक्कली घोषणा गरेर प्रतिस्पर्धा र खुल्लालाई नै निषेध गर्छ । स्वतन्त्र वा नयाँ दर्ता भएका दलहरूलाई एउटै चुनाव चिन्ह दिएको भए यो चुनावी परिणाम आउने नै थिएन र दुष्टहरूले मात्र जित्ने नै थिएनन् । 'दुष्टमध्ये कम दुष्ट छान्न' निर्देशित गऱ्यो-चिन्ह नदिने निर्णयले । यही सिण्डिकेट विधि थियो । अझ हिंजो बहिष्कार गर्ने मतदातालाई मतदाता नामावलीमा नाम दर्ता गर्ने समय नै दिइएन । जे थप्नु थियो संसदीय दलले गुपचुप थपे । त्यतिमात्र हैन आफ्ना विरोधी मतदाताको नाम नै छटनी गरेर गायब गरियो । अघिल्लो सम्बिधान सभा चुनावमा भोट हालेका कैयौं विरोधी मतदाताको नाम लिस्टबाटै हटाइएको थियो । यो जानाजान गरिएको प्रपञ्च थियो-खुल्ला र प्रतिस्पर्धाको लोकतन्त्रद्वारा । कस्तो हुँदोरहेछ प्रतिक्रियावादको खुल्ला र प्रतिस्पर्धा ? बिल्कुल सिण्डिकेट ।

यसरी हेर्दा न विस्तारवादपरस्त ठीक छन् न प्रतिगामीपरस्त । न उग्रदक्षिणपन्थी ठीक छन् न उग्र भारतपरस्तहरू । दुबै देशका विरोधी र विदेशी शक्तिबाट सञ्चालित हुन् भन्नेमा शङ्का देखिन्न । जसरी उनीहरू साँसदहरूको र आफनो तलब, भत्ता, सुविधा बढाउन एकमत हुन्छन् त्यसरी नै विदेशीको गुलामी गर्न पनि एकमत हुन्छन् । लुट चलाउने निर्णयमा पनि एकमत नै हुन्छन् भन्ने कुरा एनसेलको कर बचाउ प्रकरणमा पनि देखियो । रवीन्द्र अधिकारी समेत एलसेललाई बचाउने निर्णयकर्ता भएर अघि आए । लुटको सँस्कृतिमा कसरी संसदवादी एकगठ छन् यो एउटा सानो उदाहरण हो । तर जब देशको हित र स्वार्थ, स्वाभिमान र स्वाधीनताको विषय आउँछ उनीहरू टुक्राटुक्रामा विभाजित हुन्छन् । यहाँसम्म कि गुटभित्र पनि अर्को गुट खडा हुन्छ । यो के हो ? यही देशभक्ति हो ? यही हो राष्ट्रवाद ? तसर्थ देशको भविष्यको निम्ति अहिले जेजस्तो चुनावी सँस्कृति देखा पऱ्यो, यही आगामी चुनावहरूमा पनि कायम रहे देश अन्धकार भविष्यतर्फ जाने निश्चित छ । यस्तो चुनावी सँस्कृति नै देशको निम्ति घातक छ । अब सबै जनताले ख्याल गरौं । यस्तो पद्धतिको विकल्प सोंचिएन भने न नेपाल रहला न नेपाली रहौंला । संसारबाटै फ्याँकिदै गएको संसदीय पद्धति जो नेपालमै असफल सिद्ध भइसकेको पनि हो फेरि अँगालिरहने ?

## कविता

# जिन्दगीले पिएका जिन्दगीहरू

केवल बिनामी



*जब यो बस्तीको पुच्छारमा*
*पहिरो पर्खिरहेको*
*मेरो बस्तीलाई देख्छु*
*पानी दर्किँदै जाँदा*
*एकाएक चर्किदै जान्छन्*
*मनका भित्ता हरू*
*म कसरी निदाउन सक्छु*
*निस्फिक्री नपिएरै ?*

*जब तिम्रो बस्ती बाट*
*बग्दै आउने*
*फोहोरका फोहराहरूले*
*थलिएको मेरो बस्तीलाई देख्छु*
*आँखा अगाडि उभिरहन्छन्*
*जिवनजल नपाएरै*
*निर्जीव बनेका जीन्दगीहरू*
*म कसरी निदाउन सक्छु*
*निस्फिक्री नपिएरै ?*

*जब तिम्रो बस्ती हुँदै*
*बहदै आउने*
*बिभेदका विकिरणहरूले*
*डसेका बालमस्तिस्कहरू देख्छु*
*बल्भिदिन्छ आफ्नै वालापना*
*अनि बाढीले बगाएको बगर झै*
*बन्जर बर्तमान बोकेर*
*म कसरी निदाउन सक्छु*
*निस्फिक्री नपिएरै ?*

*जब भोक भोकै सुतेका*
*सुत्केरी आमाहरूको*
*रित्तो स्तनले*
*भरिदैन पेट शिशुहरूको*
*गाउन थाल्छन् भोकको गीत*
*म कसरी निदाउन सक्छु*
*निस्फिक्री नपिएरै ?*

*जब हरेक रात*
*चिसो सिरेटोले भिज्न थाल्छ*
*आफ्नै छालाको बिछ्यौना*
*अनायासै बिउझिन्छ*
*निमोनिया ग्रस्त मेरो बस्ती*
*म कसरी निदाउन सक्छु*
*निस्फिक्री नपिएरै ?*

*तिमीले भने जस्तै*
*जात जनाउन*
*जाँड पिएको हैन साथी*
*नजिस्किनु*
*पड्किन सक्छन्*
*जिन्दगीले पिएका जिन्दगीहरू ।*

## स्थानीय...

समय कम्युनिष्ट आन्दोलनमा लागेका बाचस्पति देवकोटाले पार्टी समेत बदले । बाचस्पति देवकोटाका झन्डै पछि लागेकाहरू माओवादी केन्द्रको उपल्लो तहमा समेत छन् । यि सबै उतारचढावका बावजुद धैर्यताका शक्ति सन्चयका निमित्त ०४८ सालको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति बनाएर निर्वाचनमा गएको कुरा जगजाहेर छ । प्रतिनिधि सभामा ९ सिट र उपल्लो हाउसमा २ सिट गरी ११ सिट विजय हासिल गर्दा त्यतिबेला एमाले नै यो देशको एकमात्र कम्युनिष्ट पार्टी हो भन्ने भान अथवा भ्रम जनतामा थियो । किनकि उसले त्यो भ्रमदिन सकेको थियो । धरहराको टुप्पाबाट हेर्न लायक पार्टी भनेर जसरी त्यतिवेलाका क्रान्तिकारीहरूलाई संसदवादमा नराम्रो सँग चुर्लुम्म डुबेर प्रतिकृयावादमा पतन हुँदै गएका नेताहरूले भन्ने गर्थे, आज त्यही शैली माकेले हामी क्रान्तिकारीमाथि अपनाइ रहेको छन् । संसदवादमा चुर्लुम्म डुबेका हालका माकेहरू यति भ्रमित भै सकेका छन् कि क्रान्तिकारी विचार, नीति र योजनाले वास्तवमा संसदवादीहरूलाई संघर्षको मैदानमा कसरी धुलो चटाउँछ भन्ने कुरा अन्ततः घुमघुमाउरो बाटो हुँदै जित क्रान्तिकारीहरूकै हुन्छ । यतिबेला क्रान्तिकारीहरूले माओले भने झै तिमीहरू तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौ भन्ने भनाईलाई आत्मसाथ गर्दै स्वतन्त्र तबरबाट क्रान्तिकारी विचारको रक्षा र विकासका निमित्त वर्ग संघर्षलाई केन्द्रविन्दुमा राखेर अगाडि बढ्नु आवश्यक छ ।

हिजोका अनुभव समेतलाई ध्यानमा राख्दै आजको फरक परिस्थिति, फरक समय र फरक अवस्थामा स्थापना भएको संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानका आधारमा हुँदै गरेको स्थानीय निर्वाचनमा हामी क्रान्तिकारीहरू जनविरोधी संविधानको भण्डाफोर, दलाल शक्तिहरूको भण्डाफोर, हाम्रो आफ्नो पार्टीको नीति जनतामा सम्प्रेषण गर्ने मूल उद्देश्य पूरा गर्ने लक्ष्यका साथ स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्न गैरहेका छौं । त्यसैले संसदवादी पार्टीहरूले जस्तो न त निर्वाचनलाई जीवनमरणको प्रश्न ठान्छौं, न त निर्वाचन जित्नकै निमित्त जुनसुकै प्रकारका अपवित्र गठबन्धन गर्ने, जनतालाई भ्रम दिन गुलिया दिने, भड्किलो प्रचार गरेर जनतालाई क्षणिक आकर्षण गर्न देखि साम्राज्यवादी दलाल शक्तिहरूको आर्शिवाद प्राप्त गर्नेहरूले गर्ने व्यापक आर्थिक चलखेलबाट टाढै रहेर वास्तविक क्रान्तिकारी सर्वराहावर्गीय पहिचान बनाउन आवश्यक थियो । वास्तवमा भयो पनि त्यही । हामीले कति सिट जित्यौ र जितेनौ भन्नेमा हाम्रो चासो होइन हाम्रो चासो भनेको हामीले हाम्रा विचारहरूलाई जनतामा कति सम्प्रेषण गर्न सक्यौं, सामाजिक आधार तयार पार्न कति सक्यौं भन्ने हो । जहाँसम्म लाग्छ पहिलो निर्वाचनमा सापेक्षित रूपमा हामी सफल रहेका छौं । कतिपय अवस्थामा भएका अपुग्ताहरूलाई दोस्रो तहको निर्वाचनमा पूरा गर्दै जान आवश्यक छ ।

**अन्तमा:**

अपवित्र गठबन्धनका क्रममा कतिपय क्रान्तिकारीहरूले लिएका अडानको हामी क्रान्तिकारीहरूले सकारात्मक रूपमा लिनु पर्छ र उनीहरूसँग एकताको प्रयास तलैबाट गर्नु पर्दछ । किन कि क्रान्तिकारी तप्कालाई गोलबन्द गर्नु हाम्रो कर्तव्य हो । निर्वाचनमा भागलिएका मात्र होइन, भाग नलिएर साँच्चिकै विचल्लीमा परेका इमान्दारहरूसँग पनि हामीले हात बढाउन आवश्यक छ । अवस्तुवादी निर्णय तथा कार्यशैलीका कारण कयौं इमान्दार व्यक्तिहरू भ्रमित भैराखेका पनि छन्, तिनीहरूको भावनालाई ठीक तवरबाट बुझ्न आवश्यक छ । पूँजीवादी संसदीय भ्रम होइन क्रान्तिकारीहरूको सुदृढ र एकतालाई जोड दिऔं । यो नै आजको आवश्यकता हो ।

## स्थानीय तहको...

यसभन्दा अगाडि नै पटक-पटक चर्चा र प्रकाश पार्ने काम गरिसकिएको भएता पनि हामीले मुख्यरूपले दुईवटा समस्याहरू व्यहोर्नु पर्‍यो । ती मध्ये निर्वाचन आयोगमा पार्टी संगठन दर्ता हुन नसक्नु र पार्टीको नाममा देशव्यापी रूपमा प्रयोग हुने गरी निर्वाचन चिन्ह प्राप्त नहुनु एउटा समस्या रह्यो र जसका कारण मतदाता र समर्थकहरू समक्ष निर्वाचन चिन्हको जानकारी एवं प्रचार प्रसार पहिलेदेखि नै हुन सकेन । हाम्रा उम्मेदवारहरूले मनोनयन पत्र दर्ता गरेको दुईदिनपछि मात्र निर्वाचन चिन्ह प्राप्त गरे । त्यो पनि स्वतन्त्र उम्मेदवारको हैसियतले निर्वाचनमा उठेकाले निर्वाचन चिन्ह विविध प्रकारको हुन गयो । यस कार्यमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एमाले र निर्वाचन आयोग खासगरी सरकार षड्यन्त्रमूलक ढंगले प्रस्तुत भयो । परिणामस्वरूप व्यवहारमा निर्वाचन चिन्हको प्रचार पार्टीगत भन्दा व्यक्तिगत प्रकारको हुन पुग्यो । जसले गर्दा मतदाताहरूलाई निर्वाचन चिन्ह चिन्न, सिकाउन र सम्झाउन पनि समस्याहरू भयो ।

अर्को मूल समस्या भनेको हाम्रो संगठनले संविधानसभा-२ को निर्वाचनलाई सक्रिय बहिस्कार गरेकोले पार्टी नीति अनुसार नै मतदाता नामावलीमा कतिपय पार्टी सदस्य र समर्थकहरूको मतदाता नामावलीमा नाम समावेश भएको थिएन र छुट्न गएको थियो । त्यसको परिणामस्वरूप स्थानीय तहमा लोकप्रिय र उम्मेदवार हुन योग्य कार्यकर्ताहरूका साथै अन्य समर्थक एवम् शुभचिन्तकहरूको मतदाता नामावलीमा नाम छुट हुन गयो । यो विषयलाई समयमै ध्यान पुऱ्याउन नसकिएकोमा हामीले कमजोरीको रूपमा स्वीकार गर्नुपर्दछ । माथि उल्लेखित जस्तै हामीले निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति लिएकाले संसदवादी तत्वहरूले जस्तो, जसरी र जेगरेर पनि निर्वाचनमा जित हासिल गर्ने भन्ने उद्देश्य थिएन र हुने कुरो पनि भएन । तर निर्वाचन उपयोग गर्नुको तात्पर्य जीत हासिल गर्नु पनि हो । मुख्य कुरा व्यवस्थित संगठन र बलियो जनाधार नै निर्वाचनमा जित हासिल गर्ने आधार भूत कुरा हुन् भन्ने स्पष्टै छ । त्यसको उदाहरण स्वरूप हामीले जित हासिल गरेका स्थानहरूलाई लिन सकिन्छ ।

स्थानीय तहको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्नुको एउटा मुख्य उद्देश्यमध्ये प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावाद उन्मुख पार्टीहरू साथै राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरूको व्यापक भण्डाफोर गर्नु रहेको थियो । हाम्रो नेतृत्व र संगठनले यस दिशामा पहलकदमी लिएर निर्वाचन घोषणा भएका ३, ४ र ६ नं. प्रदेशमा कतिपय स्थानहरूमा राम्रै ढंगले कार्यक्रमहरू आयोजना गरी सम्पन्न गर्न सफल भएको भएता पनि भण्डाफोरको कार्यलाई अझै तीव्र र व्यापक रूपमा संचालन गरी अघि बढाउनमा कमी रहन गयो ।

स्थानीय तहको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने सन्दर्भमा हामीले अन्य पार्टी, संगठन र शक्तिहरूप्रति अपनाउने नीति त्यसमा खासगरी उनीहरूसँगको कार्यगत एकता एवम् तालमेलको सम्बन्धमा प्रष्ट नीति तय भएको थियो । जसअनुरूप प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादन्मुख पार्टी र तत्वहरूसँग कार्यगत एकता एवम् तालमेल नगर्ने र त्यसबाहेकका अन्य पार्टीहरूसँग केन्द्रीय स्तरमा नभएर स्थानीय रूपमा त्यहाँको परिस्थिति अनुसार तालमेल गर्न सकिने नीति तय भएको थियो । संगठनको उक्त नीति मूल रूपमा सबैतिर लागू र कार्यान्वयन भएको छ भने छिटपुट रूपमा संगठनको नीति र स्पिरिट अनुरूप काम हनु सकेको छैन ।

स्थानीय तहको निर्वाचन विभिन्न कारणले गर्दा मुख्य गरेर सरकाले तराई-मधेस केन्द्रित दलहरूको माग पूरा गर्न नसकेकोले सातवटामध्ये ३ वटा प्रदेशमा मात्र सम्पन्न भएको छ । अब बाँकी ४ वटा प्रदेश खास गरेर तराई मधेससहित समेटिएका प्रदेशहरूमा यही ०७४ जेठ ३१ गते हुने भनिएको छ । प्रथम चरणको निर्वाचनको दौरानमा भएका कमीकमजोरीहरूलाई मध्येनजर राखेर त्यस्ता कमीकमजोरीहरूलाई नदोहोऱ्याएर अगाडि बढ्ने विषयमा हाम्रो गम्भीर ध्यान जानु आवश्यक छ । त्यसका लागि सर्वप्रथम संगठनको नीतिलाई पूरै टीमस्पिरिटका साथ सशक्त ढंगले लागू एवम् कार्यान्वयन गर्नु पर्दछ ।

अब दोस्रो चरणमा हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै यी कार्यहरू गर्नुपर्दछ :- पहिलो चरणको निर्वाचन सम्पन्न भएका स्थानहरूमा निर्वाचनमा जित हासिल गरेका र नगरेका उम्मेदवारहरूबीचमा भेटघाट एवम् अन्तर्क्रियात्मक कार्यक्रम गर्ने र त्यस दौरानमा पहिलो चरणको निर्वाचनको समीक्षा गर्ने र पार्टीको नीतिका बारेमा स्पष्ट धारणा र दृष्टिकोण बनाउने, संगठन निर्माण र उम्मेदवारी दिने कार्यलाई अझै व्यवस्थित बनाउने, निर्वाचन प्रचार प्रसार कार्यलाई घनिभूत तुल्याउने र त्यसका लागि घरदैलो कार्यक्रम गर्ने, सबैप्रकारका संचारमाध्यमको उपयोग गर्ने, पत्रकार घेटघाट र अन्तर्क्रिया गर्ने, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको घोषणा पत्र, पर्चा प्रभावकारी वितरण गर्ने, सबै निर्वाचन स्थलहरूमा उम्मेदवारहरूको परिचयात्मक कार्यक्रमसहित सभाहरू गर्नेलगायतका कार्यक्रमहरू तय गरी योजनाबद्ध ढंगले सञ्चालन र कार्यान्वयन गर्नुपर्दछ । यस दौरानमा हामीले छुट मतदाता नामावलीमा नाम समोवश गर्ने र निर्वाचन चिन्ह प्राप्त गर्ने प्रक्रियालाई पनि अन्य पार्टीहरूसँग समेत सहकार्य गरेर संघर्षको रूपमा अगाडि बढाउनु पर्दछ ।

संसदीय निर्वाचनहरूलाई क्रान्तिकारी उपयोग गर्ने सन्दर्भमा हामीले ध्यान दिनपुर्ने मुख्य विषय के हो भने अहिले संसदीय व्यवस्थाअन्तर्गत सम्पन्न भएको निर्वाचन र हुने निर्वाचनलाई क्रान्तिकारी आन्दोलनको उभार कमजोर भएको अवस्थामा क्रान्तिको पक्षमा संगठन निर्माण र जनाधार तयार पार्नका लागि क्रान्तिकारी उपयोग गरेका हौं । हाम्रो लक्ष्य भनेको वर्तमान संसदीय व्यवस्थाको स्थानमा संघीय जनगणतन्त्र स्थापना गर्नु र वर्तमान पश्चगामी संविधानको सट्टा जनगणतन्त्रात्मक संविधानको निर्माण गर्नु हो । तसर्थ, निर्वाचनको क्रान्तिकारी उपयोग क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने कार्यनीतिकै एउटा पक्ष मात्र हो । त्यसैले यस प्रकारका निर्वाचनमा पनि हामीले अधिकतम जित हासिल गर्ने प्रयत्न गर्नु पर्दछ । तर त्यसमा हुने हार र पराजयबाट हामी हतोत्साहित र निराश हुने कुरा आउँदैन र हुँदैन ।

## देश...

जनजीविकाका मुद्दाहरू निकै जटिल बनेर गएको भन्दै ती मुद्दाहरूको समाधान क्रान्तिकारी राजनीतिक शक्तिले मात्र दिन सक्ने भन्दै क्रान्तिकारी युवाहरूलाई नयाँ जनवादी क्रान्तिका लागि अग्रसर भएर लाग्न आग्रह गरे ।

स्थानीय तहको चुनावी परिणामले फेरि पनि स्थानीय सत्ता प्रतिक्रियावादी, संसदवादी दलाल शक्तिको हातमा पुगेको भन्दै ती शक्तिको जनघाती र राष्ट्रघाती कर्तुतहरूको जनताबीचमा भण्डाफोर गरेर लैजानुपर्ने कुरामा जोड दिए ।

सुनसरीको इटहरीमा आयोजित सम्मेलनको अध्यक्षता पदम तामाङले गरेका थिए भने क्रान्तिकारी माओवादी तथा युवा लिगका नेताहरूको उपस्थिति रहेको उक्त भेलामा हजारौं युवाहरूको उपस्थिति रहेको थियो ।

## अमेरिका...

३ सय ५० अरब डलरको व्यापारिक सम्झौता समेत भएको छ । हतियार कारोबारबाट अमेरिकी अर्थतन्त्रमा ठूलो धनराशी जम्मा हुने गर्दछ ।

अमेरिकी विदेशमन्त्री रिक्स टिलरसनले साउदी अरबसँग भएको हतियार सम्झौतालाई इरानको दुष्प्रभावको जवाफ दिनका लागि भएको दाबी गरेका छन् । ओबामा कार्यकालमा इरान र अमेरिकाबीच सम्बन्धमा केही सुधार भएपनि पछिल्लो समयमा चिसिएको छ ।

बाराक ओबामाले इरानसँग परमाणु सम्झौता गरेर सम्बन्ध सुधारको प्रयास गरेपनि त्यसको ट्रम्पले विरोध गरेका थिए । इरान विरोधी देखिएका ट्रम्पले अर्को मुस्लिम राष्ट्र साउदीलाई हतियार बेच्ने सम्झौता गरेका हुन् ।

रियादमा पत्रकारसँगको कुराकानीमा टिलरसनले भने, 'रक्षा प्रणाली र सेवाको यो प्याकेजले साउदी अरब र सम्पूर्ण खाडीको दीर्घकालीन सुरक्षा मजबुत पार्नेछ ।'

आठ दिन लामो विदेश भ्रमणमा निस्किएका ट्रम्प पहिलो भ्रमणका रूपमा साउदी पुगेका ट्रम्पलाई साउदी राजा सलमानले विमानस्थलमा स्वागत गरेका थिए भने साउदी अधिराज्यको सर्वोच्च नागरिक सम्मान समेत प्रदान गरेका थिए । आठ दिने विदेश भ्रमणका क्रममा ट्रम्प इजरायल, प्यालेस्टाइन, बेल्जियम, भ्याटिकन र सिसली पुग्ने कार्यक्रम रहेको छ ।

संघीय जाँच एजेन्सी (एफबीआई) का निर्देशक जेम्स कोमीलाई पदबाट हटाएको विषयमा अमेरिकाभित्रै चर्चा र विवाद भइरहेका बेला ट्रम्प विदेश यात्रामा निस्किएका हुन् । आफ्नो पहिलो विदेश भ्रमणका क्रममा ट्रम्प विश्वका तीन धर्म-इस्लाम, यहुदी र इसाईको धार्मिक राजधानीको भ्रमण गर्नेछन् । रुसको हस्तक्षेप भएको भनिएको विषयमा छानविन गर्न संघीय जाँच विभागका पूर्वप्रमुख रोबर्ट मुलरलाई विशेष अभियोजनकर्ताको रूपमा नियुक्त गरिएको छ । मुलर सन् २००१ देखि २०१३ सम्म एफबीआइका प्रमुख थिए । राष्ट्रपति डोनाल्ड ट्रम्पले एफबीआइका निर्देशक जेम्स कोमीलाई अघिल्लो हप्ता बर्खास्त गरेपछि मुलरलाई नियुक्त गरिएको हो ।

ट्रम्प भ्रमणका लागि साउदी पुग्नुभन्दा केही घन्टा अघि साउदी अरबको रक्षा विभागले रियादको दक्षिणी क्षेत्रमा एक रकेट गिराएको जनाएको थियो । सो रकेट यमनको हुथी विद्रोहीले हानेको बताइएको छ । त्यसलगत्तै यमनको राजधानी सानामा साउदी अरबको लडाकू विमानले जवाफी हमला गरेको थियो ।


आठ दिने भ्रमणका क्रममा उनी शनिबार र आइतबार साउदी भ्रमणमा रहनेछन् भने सोमबार तेल अभिभ र जेरुसेलम जाने कार्यक्रम रहेको छ । त्यसअघि उनी वेस्ट ब्यांक जाने छन् । अमेरिकी राष्ट्रपतिमा निर्वाचित भएपछि उनले वेस्ट ब्यांकमा इजरायलले बसालेको अवैध वस्तीको समर्थन गरेका थिए । पूर्व राष्ट्रपति बाराक ओबामाको कार्यकालमा प्यालेस्टाइनमा इजरायलले बसाएका अवैध बस्ती हटाउन राष्ट्रसंघ सुरक्षा परिषदमा भएको बैठकमा अमेरिका तटस्थ बसेपछि सो प्रस्ताव पारित भएको थियो । त्यसलगत्तै इजरायल र अमेरिकाबीच सम्बन्धमा चिसोपना आएपनि ट्रम्पको कार्यकालमा पुनः सुधार आएको बताइएको छ ।

यसैगरी उनले बुधबार रोम र ब्रसेल्सको भ्रमणका क्रममा पोप फ्रान्सिस र बेल्जियन अधिकारीहरूसँग भेट गर्नेछन् भने बिहीबार ब्रसेल्समा हुने नाटो सम्मेलनमा सहभागिता जनाउनेछन् । आगामी शुक्रबार उनी सिसलीमा हुने जी-७ सदस्य राष्ट्रको बैठकका लागि जाने कार्यक्रम छ ।


**ट्रम्प किन गए साउदी अरब ?**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो आधिकारिक विदेश भ्रमणका लागि साउदी अरब गएर सबैलाई चकित पारेका छन् । अहिलेसम्म अधिकांश अमेरिकी राष्ट्रपतिले आफ्नो पहिलो विदेश भ्रमण क्यानडा र मेक्सिबाट सुरु गर्ने गर्दथे । ट्रम्पले आफ्नो चुनावी अभियानका दौरान इस्लाममाथि चर्को आलोचना गरेका थिए । साउदी एक कट्टर मुस्लिम राष्ट्र हो । फेब्रुअरी सन् २०१६ मा ट्रम्पले भनेका थिए सेप्टेम्बर ११ को हमलामा साउदी अरबका नागरिक सामेल थिए । राष्ट्रपतिको उम्मेदवार बन्नुअघि ट्रम्पले भनेका थिए, 'वर्ल्ड ट्रेड सेन्टर कसले ध्वस्त पारेको थियो ? त्यो इराकी थिएन । यसका पछि साउदी थियो । हामी दस्तावेजलाई खोल्नेछौं ।' तर राष्ट्रपतिको रूपमा पहिलो विदेश भ्रमण साउदीबाट सुरु गरेर उनले साउदीलाई फकाउने कोशिस गरेका छन् ।

इरानसँग ओबामाले परमाणु सम्झौता गरेका थिए । जसको ट्रम्पले कडा आलोचना गरेका थिए । न्युयोर्क टाइम्सका अनुसार इरानसँगको परमाणु सम्झौताको कारण साउदी अरब र खाडीका उसका सहयोगी देश रुष्ट बनेका थिए । साउदी विदेशमन्त्री अब्देल अल-जुबैरले 'द वाल स्ट्रिट जर्नल' सँग भनेका थिए, 'चुनावी अभियानका क्रममा केही कुरा बाहिर आएका छन् र यस बारेमा राष्ट्रपति ट्रम्पका बारेमा केही पनि सोचिएको छैन ।' उनले आफ्नो पहिलो विदेश भ्रमणका लागि साउदीलाई छानेर इस्लामिक राष्ट्रसंगको सम्बन्धलाई बलियो बनाउने इच्छा राखेको र आफूले राम्रो साझेदारी चाहेको बताएका छन् । यद्यपि यो भ्रमणलाई इरानलाई मुस्लिम राष्ट्रहरूबाट थप एक्ल्याउने र साउदीलाई मजबुत पार्ने ट्रम्पको चालबाजीको रूपमा समेत हेरिएको छ । अमेरिकाको यो कदमसँगै अब साउदी गठबन्धले यमनमा इरान समर्थित हुथी विद्रोहीमाथिको कारबाहीलाई तिव्र पार्ने सम्भावना समेत बढेको छ ।



## सताको दुर्वाच्य... रामचन्द्र हुमागाई



# लट्पटायो प्रचण्डको जिब्रो

जेठ १ । हिजो भएको स्थानीय निर्वाचनमा चितवनको भरतपुर महानगरपालिकामा मेयरको उमेद्वारी दिएकी पुष्पकमल दाहाल पुत्री रेणु दाहालले, 'नेपाली काँग्रेसले पाएको सबै मत मेरो नाममा जोडिनुपर्छ' भन्दै लिंडेढिपी कसेका कारण मतगणना झण्डै तीन घण्टा रोकिएको थियो । कस्तो अचम्म ! केन्द्रमा बाबुले गरेको सहमती जिल्लामा मद्दाताले मान्नै पर्ने भन्ने केही छ र !

जेठ २ । प्रधानमन्त्री पुष्पकमल दाहालले आगामी एक हप्ताभित्र सत्तापरित्याग गर्ने घोषणा गरेका छन् । लोभीहरूको अमृतकुण्डमा रमाइरहेका पुष्पकमलले पद परित्याग गरेर महानता देखाउलान् त ! भन्दै बुढानीलकण्ठमा बसेर मुख मिठ्याइरहेका नेपाली काँग्रेसका सभापतिले सोही दिन रात्री भोज गरेको पनि सुन्नमा आएको छ ।

जेठ ३ । 'आगामी पाँचवर्ष भित्र सरकार सञ्चालन योग्य पार्टी बनाउछु' भन्दै हिडेका राप्रपाका अध्यक्ष कमल थापा स्थानीय तलको निर्वाचनमा गाई चिन्हको नामोनिसान हराएको देखेर, 'यि नेपाली जनता कस्ता–कस्ता चिन्नै नसकिने नागवेले झार जस्ता' भन्नै हिडेको सुन्न थालिएको छ ।

जेठ ४ । स्तानीय निर्वाचनमा तुफानी घोडा जस्तै आफ्नो पार्टी अगाडि गएको देखिएपछि नेपाली काँग्रेस र एमालेका सभापति बिचमा गोप्य वार्ता हुन थालेको सुराकीले खुसुक्क कानमा बताएको छ । दुबैलाई लागेको चिन्ता के रहेछ भन्दै जान्न खोज्दा, 'घोषणा पत्रमा ठूला र असम्भावी नारा त लेखियो, अब कसरी पार लगाउने हो' भन्ने रहेछ । 'नखाउँ भने दिनभरिको शिकार खाउँ भने कान्छाबाउको अनुहार' भनेको यही हो । यता माओवादी केन्द्र स्थानीय निकायको निर्वाचनमा एक नम्वरमा आउँछ भन्दै कार्यकर्तालाई बाँड्दै हिडेको सपना चकनाचूर भएको देखेर 'गाइ मारेर गधालाई पोस्न हिड्दा यस्तै हुनेरहेछ' भन्दै हिडेका माओवादी केन्द्रका नेताहरू पनि भेटिन थालेका छन् ।

जेठ ५ । नेपाली काग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी कार्यालयमा आफूभन्दा तल्लो तहका कारिन्दाहरू जम्मा गराएर निर्णय ठोकेछन्, 'अब मेरो नेतृत्वमा सरकार गठन हुनेछ' । ए ! बाबा ! साढेको फल खसे पो खानु । फल खस्छकि खस्तैन, अहिलेसम्म पत्तै छैन । त्यति सजिलोसँग फल खस्छ कि खस्तैन, त्यसको हिसाव नै भएकै छैन । प्रथमतः मधेशीसँग वार्ता मिलेकै छैन, कहिल्यै मिल्दा पनि मिल्दैन । दिल्लीको दानामा चलेको विबादलाई टुंग्याउने क्षमता देउवासँग छँदा पनि छैन । दिल्लीले बुझेको छ, भर्खरै वासिङ्टनबाट दिल्ली छिरेका देउवा साँच्चिकै अक्षम रहेछन् भन्ने कुरा आइ.जि.पि. काण्डबाटै थाहा भैसक्यो । सुडान घोटाला काण्डमा सुँड पसारेका सिटौलाले पनि देउवालाई साथ दिनुभन्दा आफैं अगाडि बढ्नु उचित मानिसके । अनि कहाँबाट फल खस्ला र देउवा प्रधानमन्त्री होलान् ? खै !

जेठ ६ । टुक्रै टुक्रापछि फेरी एकढिक्का भएको मधेश केन्द्रित दल 'राजपा'ले दोश्रो चरणमा हुने स्थानीय तहको निर्वाचनमा हिजो आफ्ना कार्यकर्तालाई उमेद्वारी चयन गर्न निर्देशन दिएछन् । समाचार राम्रै आयो । तर, संविधान संशोधन विना निर्वाचनका जादै नजाने चट्टानी अडान लिएर बसेका मधेशवादीलाई, 'म जसरी पनि संविधान संशोधनका लागि बहुमत बटुल्छु' भन्दै हिड्नु प्रधानमन्त्री पुष्पकमल दाहाललाई कसले उक्साएको होला, बुझ्नै नसकिने पो भइयो ।

जेठ ७ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले' पाँचदिन अगाडि मात्रै भनेका थिए, 'अब म एक हप्ताभित्र राजिनामा दिन्छु' । यो समाचर सुन्ने वित्तिक्कै भागशान्ति जयनेपालमा सहभागिता जनाउँन नेपाली काँग्रेसका सभापति शेरवहादुर देउवा ट्वाक लगाउँदै आरजु भाउजुलाई भनिरहेका थिए, 'ए आरजु अब झिटी गुण्टा पोको पार है वालुवाटर जाने वेला भयो' । उता आरजुले पनि बुढानीलकण्ठमा नपाइने भएकाले असनमा आएर २५ किलो नाइलनको डोरी किनेर गाडिमा राखेर फर्किदै थिइन्, बाटैमा रेडियोले समाचार फुक्यो, 'प्रचण्डले त दोश्रो चरणको निर्वाचन सुनिश्चित नभै राजिनामा दिन्न पो भने' भन्छ । समाचारले झोक्किइ सकेकि आरजुले ड्राइभरसँग रिश पोख्तै भनिछन्, 'यि प्रचण्डले पनि कत्ति जिब्रो लट्पटाएका हँ' ! ड्राइभर पनि के कम । जवाफ फर्काइ हालेछ, 'के गर्ने म्याम उनलाई पनि संगत अनुसार नै बाँनी परेको होला नि ! यहाँ मलाई त दउवा सरलाई लिएर हिड्दा हिड्दै जिब्रो लट्पटिने बानी परिसक्यो' ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# जिन्दगी, समाजवाद वा अरु कुनै चिज...


प्रा.डा.जगदीशचन्द्र भण्डारी

*अश्रुग्याँसका धुँवामा नुनको स्वाद पाउनु*
*अथवा आफ्नै जिब्रोले आफ्नै रगतको स्वाद चाख्नु*
*कसैका निम्ति पनि मनोरञ्जन हुन सक्दैन*
*परन्तु*
*म झुठमुठको केही पनि चाहन्न*
*र म सबै चिज साँच्चिकैको हेर्न चाहन्छु*
*जिन्दगी, समाजवाद वा अरु कुनै चिज ....*

क्रान्तिकारी कवि पासका कविताका यी पंक्तिले क्रान्तिकारी मानिसका प्रतिबद्धता र सत्यार्पणलाई देखाएका छन् । जीवनको यथार्थ र त्यसप्रतिको संज्ञान नै क्रान्तिकारी मानिसका निम्ति महत्वपूर्ण हुन्छ । आफैलाई ढाँट्ने, छल्ने र जीवनको वास्तविकतालाई लुकाउन खोज्ने पाखण्डी तत्व मानिस हुन नसक्ने कुराको आशय कवितामा अभिव्यक्त भएको छ । विश्वास, आस्थाप्रतिको प्रतिबद्धतालाई छाडी छद्म प्रवृत्ति लिई कला वा अन्य क्षेत्रमा देखापर्ने कुरूप तत्व जीवन र समाजका क्षेत्रमा गर्हित हुनु स्वभाविक नै छ । महान विचारका प्रणेताहरूले मिथ्या चेतनालाई नकारेका छन् । बुर्जुवा चिन्तन र समाजवादी विचारधाराका बीच रहेको असंगति, वैषम्य र विभेदलाई स्पष्ट रूपमा कवितामा देखाएका छन् र संशोधनवादी दृष्टिकोणको विरोध गरेका छन् ।

आजभोलि हाम्रो समाजमा देखापरेको वैचारिक आत्मसमर्पण,वर्गीयआत्मसमर्पण तथा राष्ट्रिय आत्मसमर्पणलाई साहित्यकारहरूले के कस्तो किसिमबाट अभिव्यक्ति दिएका छन् वा यथार्थ किसिमबाट प्रस्तुति गरेका छन् कि त्यसलाई लुकाउने प्रयत्न गरेका छन् । यो महत्वपूर्ण सवालका रूपमा आएको छ र वर्तमान जीवनको महत्वपूर्ण प्रश्न र जिज्ञासा पनि हो । क्रान्तिकारी विचारधारारहित पलायनमुखी तथा प्रतिक्रियावादन्मुख विचारधाराबाट प्रभावित रहेको समकालीन साहित्यिक धारा मालेमावादी बोधलाई जानिबुझीकन त्यागेको, सचेतताबश बुर्जुवापन्थी हुन पुगेको र संशोधन-नवसंशोनवादी दृष्टिकोण/विचारयुक्त रहेको छ । यथार्थका विपरीत भ्रमपूर्ण, संशयपूर्ण र विचलनयुक्त धारणाले प्रभुत्वसम्पन्न वर्गकै हितसिद्धि गर्दछ भने विस्तारै कला साहित्य विचारधारा निरपेक्ष, जीवन निरपेक्ष तथा क्रान्तिकर्म निरपेक्ष बनाउनेतर्फ अग्रसर हुन सक्छ । क्रान्तिबाट पलायन भई प्रतिक्रियावादन्मुख तथा प्रतिक्रियावादमा पतन, स्खलन हुन पुगेको नेतृत्वपंक्ति र त्यसकै दृष्टिबाट जीवन र समाजलाई हेर्न खोज्ने संशोधनवाद र त्यसका अनुगामी साहित्यकार/कलाकार रहस्य, मिथ्या र यथार्थको भन्जन गरी बुर्जुवा चिन्तन पोषकका रूपमा आफूलाई उभ्याउन उद्यत छन् । वैज्ञानिक एवम् कलात्मक मूल्यविरोधी रहेको त्यो तत्व सौन्दर्यका दृष्टिमा नकारात्मक, निषेधात्मक, हानीकारक एवम् घातक रहेको छ । राजतन्त्रात्मक सामन्तवादको सहयोगी रहेको सर्जक र सिर्जनालाई महान ठान्ने हिजोदेखि नै बुर्जुवामुखी, संशोधनवादी-नवसंशोधनवादी हुन पुगेको एउटा समूह र त्यसकै सन्निकट हुन पुगेको- जनयुद्धको नेतृत्वसमेत गरेको- अर्को समूह दुवैले साहित्य र कलाका क्षेत्रमा सुधारवादसँगै संसदवादमा उधोपतन भई क्रान्तिकारी विचारधाराको ओजता, महत्व र प्रभावलाई समाप्त पार्न प्रवल रूपमा लागेका छन् ।

> *जनवादी क्रान्तिद्वारा जनवादी/समाजवादी रूपान्तरण गर्ने र वास्तविक उद्देश्य पूरा गर्ने तथा शोषणबाट उत्पीडित मानिसहरूका समस्या समाधान गर्ने र मानवीय जीवनलाई कलात्मक एवम् सौन्दर्ययुक्त बनाउने कुरालाई छाडी क्रान्तिविरोधी चिन्तनधारामा समाहित भई सर्वहारावर्गविरोधी हुन पुगेको सन्दर्भ नै वर्तमानको यथार्थ हो ।*

जनवादी क्रान्तिद्वारा जनवादी/समाजवादी रूपान्तरण गर्ने र वास्तविक उद्देश्य पूरा गर्ने तथा शोषणबाट उत्पीडित मानिसहरूका समस्या समाधान गर्ने र मानवीय जीवनलाई कलात्मक एवम् सौन्दर्ययुक्त बनाउने कुरालाई छाडी क्रान्तिविरोधी चिन्तनधारामा समाहित भई सर्वहारावर्गविरोधी हुन पुगेको सन्दर्भ नै वर्तमानको यथार्थ हो । क्रान्तिकारी विचारधाराबाट सम्बन्ध-विच्छेद् गरी जन्मिएको चेतना र तत्जन्य सिर्जनाले जीवनको गतिशिलताको चित्रण गर्न नसक्ने त छँदैछ, यससँगै त्यसले विचारधारात्मक संघर्षलाई समेत कमजोर बनाएको छ । साथै, सिर्जना, सौन्दर्य चिन्तन र सौन्दर्य निरूपणमा समेत विभ्रम जन्माएको छ ।

पछिल्लो समयमा विकसित भएका जनवाद तथा समाजवादविरोधी मान्यता र प्रवृत्ति सर्वहारावर्ग, जनवादी क्रान्ति र मुक्तिका पनि विरोधी हुन् । तिनले सिर्जना र तिनको अन्तर्यमा प्रभाव पार्छन् र जीवनको यथार्थलाई विकृत बनाउछन् । मालेमावादी कला साहित्य मान्यताको विरुद्धमा उभिएको त्यो तत्व नयाँ जनवाद र समाजवादसँगै क्रान्ति र मुक्तिविरोधी पनि हो । त्यो नक्कली समाजवादको पक्षधर र वैज्ञानिक समाजवादको विरोधी हो । मालेमावादको क्रान्ति र विद्रोह तथा सौन्दर्यको मान्यतालाई नकार्ने हुनाले त्यो यथार्थलाई आत्मसात् नगरी बुर्जुवापथमा लाग्छ र कलात्मकता, सौन्दर्यात्मकता तथा विचारधारात्मकताको तीव्र विरोधमा उभिन्छ र प्रतिक्रियावादमा लहसिन पुग्छ, रमाउन पुग्छ । उसका दृष्टिकोण, संकल्पना, प्रतिबद्धता, सौन्दर्यात्मक मूल्य समेत दलालपन्थ हुँदै बुर्जुवाकरणमै महत्ता देख्न थाल्छ । त्याग, क्रान्ति, समर्पण, मुक्ति र सौन्दर्यमा भन्दा निजी सुख, स्वार्थमै रमाउन पुग्छ ।

वास्तविकताबाट पलायन हुँदै समर्पणमुखी हुनु संशोधन-नवसंशोधनवादी साहित्यकारहरूको विशेषता हो । त्यसको अभिव्यक्ति हाम्रो समयमा भइरहेको छ । त्यसको क्रान्तिकारी साहित्यकार, कलाकारहरूले विरोध गर्नु र क्रान्ति र मुक्ति साँच्चिकै हेर्न चाहनु अनि वास्तविक सौन्दर्य मूल्यको खोजी गर्नु क्रान्तिकारी साहित्यकारहरूको दायित्व हो ।

# क्रान्तिकारी युवा लिग सुनसरीको अध्यक्षमा पदम तामाङ निर्वाचित




इटहरी । क्रान्तिकारी युवा लिग सुनसरीको दोश्रो जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । सुनसरीको ईटहरीमा भएको सम्मेलनले पदम तामाङ्गको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला समिति चयन गरेको छ । समितिको सचिवमा अनिल राई र सदस्यहरूमा धर्म उराउ, ईश्राफिल मिया, सान्तोष ठाकुर, शिवराम चौधरी, राम वहादुर राई, विजय कट्वाल, सन्तोष वास्तोला, वावुराम कार्की, मनोज शाह, राजीव चौधरी, शुक्रराज विक, रमेश परियार, शुक्रराज तामाङ्ग, अनन्तराम चौधरी, सरोज राई, मलसर्दिन मिया, अलि मिया, प्रम रिसिदेव, दिपेन्द्र रिसिदेव, विरेन्द्र थानेदार, शिव उराव, संगिता राई लगायत चयन भएका छन् ।

पदम तामाङ्गको अध्यक्षतामा सम्पन्न सम्मेलनमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यता रहेको थियो । उक्त सम्मेलनमा पार्टीका केन्द्रीय सदस्यहरू केदार गुरागाई, मनोज श्रेष्ठ, सिताराम वुढाथोकी, गणेश कट्वाल लगायत नेताहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम पेमा लामाले संचालन गरेका थिए ।

सम्मेलनपूर्व हज्जारौको संख्यामा उपस्थित युवा तथा समुदायले ईटहरी बजार समेत परिक्रमा गरेको थिए ।

## अनेमसंघ (क्रान्तिकारी)को टोखा नगर कमिटी गठन

काठमाडौं । सुमित्रा न्यौपानेको अध्यक्षता र अङ्गुछिरिङ्ग शेर्पाको संचालनमा सम्पन्न क्रान्तिकारी महिलाहरुको टोखा नगर भेलाले अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को टोखा नगर कमिटि निर्माण गरेकोछ । नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सल्लाहकार तथा देजमो,नेपालका केन्द्रीय सदस्य खगेन्द्र छन्त्यालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाले सुमीत्रा न्यौपाने अध्यक्ष रहेको ११ सदस्यीय अनेम (क्रान्तिकारी) टोखा नगर कमिटी गठन गरेको हो । जसमा उपाध्यक्ष रुपा कुमारी अधिकारी रिजाल, सचिव अङ्गुछिरिङ्ग शेर्पा र कोषाध्यक्ष केनुकला राई र सदस्यहरु क्रमशः रुपा खड्का, कमला राई, छेकी शेर्पा, अनिला परियार, रिता काफ्ले, श्रीषा अधिकारी, कुशुम राई रहेका छन् । उक्त भेलामा क्रान्तिकारी माओवादीका नगर इन्चार्ज कपिल पुन, संयोजक केशर प्रधानलगायत स्थानीय पार्टी र देजमो, नेपालका नेता कार्यकर्ताहरुको बाक्लो उपस्थिति रहेको थियो ।

### चौतर्फी...

तथा शुभचिन्तकलाई धम्क्याउनु लगायतमा समस्याहरूलाई झेल्दै उम्मेदवारी दिएका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका करिब ३ सय ५० भन्दा बढी उम्मेदवारहरूले प्राप्त गरेको मत र हासिल गरेको विजयलाई गुणात्मक हिसाबले हेर्न जरुरी छ ।

तमाम प्रतिकूलताका बीच जनताको रोजाइमा परेका देजमोका उम्मेदवारहरू जनचाहना अनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रतिक्रियावादी संसदीय व्यवस्था र पश्चगामी संविधानको भण्डाफोर र पार्टी तथा मोर्चाको संगठन विस्तारको आधार तयार पार्ने उद्देश्य लिएर देजमोले निर्वाचनको क्रान्तिकारी उपयोग गरेको थियो । कांग्रेस, एमाले र माके लगायत ठूला भनाउँदा पार्टीहरूले दलीय चुनाव चिन्हको हैसियतमा निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाएपछि देजमोका उम्मेदवारहरूले स्वतन्त्रको हैसियतमा निर्वाचमा भाग लिएका थिए ।

### संविधान...

आफ्नो हातमा पारेका संसदवादीहरुले जनताको हितमा भन्दा पनि आफ्नो सत्तास्वार्थमा त्यसको दुरूपयोग गर्ने श्रमजीवि जनतामा ठूलो आशंका छ । "करोडौं खर्चेर चुनावी परिणाम आफ्नो पक्षमा पारेका संसदवादी दलका स्थानीय निर्वाचित कार्यकर्ताहरुले त्यसको व्याज, स्याजसहित असुल्ने छन् र संस्थागत रूपमा भ्रष्टाचार र कमिसनको खेल मौलाएर जानेछ ।" क्रान्तिकारी माओवादीका प्रवक्ता हरिभक्त कँडेलले वर्गदृष्टिसँग कुरा गर्दै विश्लेषण गरे, "उनीहरुको जनविरोधी र राष्ट्रविरोधी गतिविधि बढ्दै जाँदा उनीहरूप्रति र प्रतिक्रियावादी संसदीय राज्यव्यवस्थाप्रति वितृष्णा तीव्र गतिमा बढ्दै जानेछ र जनताले वैकल्पिक राजनीतिक शक्ति र व्यवस्थाको खोजी गर्नेछन् ।" त्यस्तो राजनैतिक शक्ति भनेको क्रान्तिकारी माओवादी र व्यवस्था जनताको संघीय गणतन्त्र भएको पनि प्रवक्ता कँडेलले दावी गरे । उनको विश्लेषण छ- "अब माओवादी केन्द्र र विप्लव नेतृत्वको नेकपाभित्र रहेका इमान्दार क्रान्तिकारी नेता कार्यकर्ताहरु क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुनेछन्, त्यसको पहलकदमी पार्टीले लिनेछ ।"

संसदीय व्यवस्था र त्यसन्तर्गतको पश्चगामी संविधानको खारेजीको जोडदार आवाज उठाउँदै आएको क्रान्तिकारी माओवादीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरु पक्षधर क्रान्तिकारी राजनीतिक शक्तिबीचमा एकता र ध्रुवीकरणमा जोड दिँदै आएको छ । नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न नेपाली विशिष्टामा आधारित सशस्त्र विद्रोहको कार्यदिशा अवलम्बन गर्दै आएको क्रान्तिकारी माओवादी तथा देजमोले व्यवस्था परिवर्तनका निम्ति बलप्रयोगको अनिवार्यतालाई अपरिहार्य ठान्दै आएको छ । संसदीय व्यवस्थाको भण्डाफोर र संगठन विस्तारलाई केन्द्रविन्दुमा राखेर स्थानीय चुनावको क्रान्तिकारी उपयोगको नीति लिएको क्रान्तिकारी माओवादीले सम्पन्न पहिलो चरणको चुनावमा आफूहरु मूलरूपमा सफल रहेको क्रान्तिकारी माओवादीका नेताहरुले दावी गरेका छन् । र, अर्को चरणको चुनावलाई उद्देश्यनुरूप अझ प्रभावकारी ढंगले उपयोग गर्ने पनि नेताहरुले बताएका छन् ।

### संविधान...

महाअभियोगको प्रस्ताव दर्ता गराएका थिए भने अदालतले सुशीलका कार्कीलाई अदालतमा पुनर्बहालीको फैसला गरेको थियो ।

वैशाख १७ मा दुई सत्ता घटकका २ सय ४९ सांसदका हस्ताक्षरसहित संसद् सचिवालयमा महाअभियोग प्रस्ताव दर्ता भए पनि पाँच दिनपछि सर्वोच्चले अन्तरिम आदेश जारी गर्दै पर्याप्त आधार र कारणबिना महाअभियोग आएको भन्दै कार्कीलाई जिम्मेवारीमा फर्काएको थियो ।

संविधान संशोधनको प्रस्ताव अघि नबढ्ने भएपछि दोस्रो चरणको निर्वाचनमा राष्ट्रिय जनता पार्टी सहभागी हुने या नहुने भन्ने बारेमा औपचारिक निर्णय भइसकेको छैन । संविधान संशोधन नभएको अवस्थामा राजमोसँग दुई वटा मात्रै विकल्प बाँकी रहनेछन् । पहिलो, अहिलेको संविधान संशोधनको प्रस्तावलाई थाँती राखेर निर्वाचनमा सहभागिता जनाउनुपर्ने बाध्यतामा सो पार्टी हुनेछ । किनकी केही समयअघि सम्म मोर्चाको संयोजक रहेका उपेन्द्र यादवले पहिलो चरणको निर्वाचनमा समेत सहभागिता जनाएका थिए भने अब आफ्नो प्रभाव क्षेत्र रहेका क्षेत्रमा हुन लागेको निर्वाचनमा उम्मेदवार चयनलगायतका काममा सो पार्टी लागिसकेको छ । उपेन्द्र यादवको संघीय समाजवादी पार्टी निर्वाचनमा गएको र रापमो नगएको अवस्थामा तीन दलबाहेक तराईका जिल्लामा विजय गच्छदारको पार्टी र उपेन्द्र यादवको पार्टी मात्रै चुनावी प्रतिस्पर्धामा उभिनेछ । यस्तो अवस्थामा केही समयअघि भएको मधेस आन्दोलनको पृष्ठभूमिमा मधेस केन्द्रित दललाई आउने मत उपेन्द्र यादवलाई जाने सम्भावना छ । त्यसो भएमा तराईका जिल्लामा राजमोको उपस्थिति कमजोर बन्ने र जनप्रतिनिधि नहुने अवस्था सिर्जना हुनेछ । त्यसो भएमा सो पार्टीलाई मधेसमा आगामी दिनमा राजनीतिक गतिविधि गर्न असहज बन्नेछ । दोस्रो, संविधान संशोधन नभएसम्म चुनावमा सहभागी नहुने । राजमोले संविधान संशोधन नभई हुने निर्वाचनलाई बहिस्कार गर्न समेत सक्नेछ । उसले निर्वाचन बहिस्कार गरेको अवस्थामा तराईका अधिकांश जिल्लामा निर्वाचन गराउन सरकारलाई पनि चुनौती आउनेछ । राजपाले हरेक क्षेत्रमा आफ्ना कार्यकर्तालाई परिचालित गरेर निर्वाचन हुनै नदिने खेल खेल्न पनि सक्छ । तर यस्तो अवस्थामा राजमो र सरकार आमनेसामुने हुने अवस्थाको सिर्जना हुने र त्यसबाट भौतिक र मानवीय क्षति समेत हुने कुरालाई नकार्न सकिदैन । किनकी मधेसमा विगतमा समेत मधेसवादी पार्टीका आन्दोलनमा आम जनताले ज्यान गुमाएको अवस्था छ । यद्यपि दोस्रो विकल्प राजमोका लागि फाइदाजनक हुनेछैन ।

### देजमो...

सल्लाहकार पारस सुब्वा लगायतको उपस्थिति रहेको थियो ।

उक्त भेलामा विप्लव नेतृत्वको नेकपाबाट विद्रोह गरी वलिचन्द्र चौधरी र सानु शेर्पा क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए । नवप्रवेशीहरुलाई प्रमुख अतिथिले स्वागत अभिनन्दन गरेका थिए ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।